अन्तिम लेखापरीक्षण प्रतिवेदन
घ्याङ्गलेख गाउँपालिका, सिन्धुली

आर्थिक वर्ष २०७६।७७

महालेखापरीक्षकको कार्यालय
काठमाडौं

Serving the Nation

and

the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं.: २०९

मितिः २०७८।०५।०४

श्री प्रमुखज्यू,
घ्याङ्गलेख गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
सिन्धुली।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415- 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८।७९
च.नं:.   २३१   मितिः२०७८।०५।०४

श्री प्रमूखज्यू,
घ्याङ्लेख गाउँपालिका
सिन्धुली ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले घ्याङ्लेख गाउँपालिका, सिन्धुलीको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा पुर्ण प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.१ करोड ९७ लाख ९६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२२ लाख ४६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६४ लाख १८ हजार, नियमित गर्नुपर्ने रु. ३ लाख ९ हजार र पेश्की बाँकी रु.१ करोड ८ लाख २३ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।१८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश नभएकोले लेखापरीक्षणको प्रारम्भीक प्रतिवेदनमा कायम दफाहरु तथा व्यहोराको अन्तिम प्रतिवेदन पाना २९ यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । पालिकाको कार्यकारिणी, पालिका प्रमूख र प्रमुख प्रशासकिय अधिकृत यस पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्रप्रसाद आचार्य)
नायव महालेखापरीक्षक

घ्याङलेख गाउँपालिका, सिन्धुलीको लेखापरीक्षण प्रतिवेदन
आर्थिक वर्ष : २०७६/७७

परिचय — स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई सस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । सिन्धुली जिल्ला स्थित यस पालिकाको वडा संख्या ५, गाउँसभा सदस्य २८, जनसंख्या १३७६१ जना र क्षेत्रफल १६६।७७ वर्ग किलोमिटर रहेको छ ।

क) स्थानीय सचित कोष अर्थिक वर्ष २०७६/०७७ को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

विवरण	टिप्पणी	यस वर्षको रु.			
		बजेट	आफैले गरेको प्राप्ती/भुक्तानी	बस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		**२७५४०९९२१.२०**	**२४९३९१९१२.०३**	**०.००**	**२४९३९१९१२.०३**
क.प्राप्ती (संचितकोषमा आम्दानी बाँधिने)		**२६७६५२०००.००**	**२४१६३३९९०.८३**	**०.००**	**२४१६३३९९०.८३**
1100 कर	११	७१५३६०००.००	४६४४२९४५.७९	०.००	४६४४२९४५.७९
1300 अनुदान		१९३५४६०००.००	१९२०६९०००.००	०.००	१९२०६९०००.००
संघीय सरकार	१२	१७२०६९०००.००	१७०५९२०००.००	०.००	१७०५९२०००.००
प्रदेश सरकार	१२	२१४७७०००.००	२१४७७०००.००	०.००	२१४७७०००.००
१४०० अन्य राजस्व		२५७०००००.००	३१२२०४५.०४	०.००	३१२२०४५.०४
ख. अन्य प्राप्ती		**७७५७९२१.२०**	**७७५७९२१.२०**	**०.००**	**७७५७९२१.२०**
कोषहरु		७७५७९२१.२०	७७५७९२१.२०	०.००	७७५७९२१.२०
धरौटी		०.००	०.००	०.००	०.००
भुक्तानी (ग+घ)		**३५२५३७०५०.९८**	**२१६९९७३२९.२८**	**०.००**	**२१६९९७३२९.२८**
ग. भुक्तानी (संचित कोषबाट)		**३४४७७९१२९.९८**	**२११३५९२८३.४२**	**०.००**	**२११३५९२८३.४२**
21000 पारिश्रमिक/सुविधा	१८	९४०१६०१४.९८	६८३८४८२२.६१	०.००	६८३८४८२२.६१
22000 मालसामान तथा सेवाको उपयोग	१८	४१४७९०००.००	१५६३२३५३.६३	०.००	१५६३२३५३.६३
25000 सहायता	१८	९९५९०००.००	७७२०२४०.००	०.००	७७२०२४०.००
26000 अनुदान	१८	२९१६१०००.००	२३९९८२०२.०५	०.००	२३९९८२०२.०५
27000 सामाजिक सुरक्षा	१८	३९९८०००.००	३१४८६२०.६८	०.००	३१४८६२०.६८
28000 अन्य खर्च	१८	१७०००००.००	१२२१०२६.००	०.००	१२२१०२६.००
31000 गैर वित्तिय सम्पती/पूँजिगत खर्च	१८	१६४४६६११५.००	९१२५४०१८.४५	०.००	९१२५४०१८.४५
घ. अन्य भुक्तानी		**७७५७९२१.००**	**५६३८०४५.८६**	**०.००**	**५६३८०४५.८६**
कोषहरु		७७५७९२१.००	६०७०३५२.३६	०.००	६०७०३५२.३६
धरौटी		०.००	०.००	०.००	०.००
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी		०.००	-४३२३०६.५०	०.००	-४३२३०६.५०
ङ. यो वर्षको बचत (न्युन)		**-७७१२७१२९.७८**	**३२३९४५८२.७५**	**०.००**	**३२३९४५८२.७५**
च. गत वर्षको जिम्मेवारी रकम (अ.ल्या)			९२३३०२९०.९८	०.००	९२३३०२९०.९८
वर्षान्तको बाकी रकम (ङ+च)		**-७७१२७१२९.७८**	**१२४७२४८७३.७३**	**०.००**	**१२४७२४८७३.७३**
बैक तथा नगद बाँकी	२४		**१२४७२४८७३.७**	०.००	**१२४७२४८७३.७**
निकासा फिर्ता रकमहरु/ट्रान्सफर			२५११६३०५.५८	०.००	२५११६३०५.५८
श्रेस्ताअनुसार खुद बैंक बाँकी रकम			**९९६०८५६८.१५**	०.००	**९९६०८५६८.१५**

ख) कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा ईकाइ कार्यालयबाट भुक्तानी आदेश मार्फत सम्बन्धीतलाई सोझै भुक्तानी भएको तर पालिकाको संचितकोषमा आम्दानी नबाँधिएका कोरोबारहरु

शीर्षक	वार्षिक बजेट	निकासा	खर्च	खर्च मध्ये पेस्की
प्रदेश पूर्वाधार विकास कार्यक्रम	७४५९००० .००	२३०९८५०.००	२३०९८५०.००	००.००
स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम	४०००००० .००	४०००००० .००	४०००००० .००	००.००
सामाजिक सुरक्षा कार्यक्रम	३२५११०००.००	३२०२९४००.००	३२०२९४००.००	००.००
राष्ट्रीय परिचयपत्र तथा पन्जिकरण चालु	१३०२०००.००	७७६७६०.००	७७६७६०.००	००.००
राष्ट्रीय परिचयपत्र तथा पन्जिकरण पुजिगत	२०६०००.००	२०५९९३.००	२०५९९३.००	००.००
राष्ट्रीय महिला उत्थान कार्यक्रम	१००००.००	००.००	००.००	००.००
औषधि उपचार	८६४८६४.००	८६४८६४.००	८६४८६४.००	००.००
संचित विदा	६१७७६०.००	६१७७६०.००	६१७७६०.००	००.००
जम्मा रु.	**४६९७०६२४.००**	**४०८०४६२७.००**	**४०८०४६२७.००**	**००.००**

ग) धरौटी तथा पालिकामा रहेका अन्य कोषहरु

शिर्षक	गत वर्षको जिम्मेवारी रु.	यस वर्षको आम्दानी रु.	जम्मा रु.	खर्च रु.	बाँकी रु.
धरौटी	१११४५९०.००	१४४३७७२.००	२५५८३६२.००	७४५९९५.००	१८१२३६७.००
कर्मचारी कल्याण कोष	५०००००.००	७२२७५५.००	१२२२७५५.००	००.००	१२२२७५५.००
जम्मा रु.					

घ) राजस्व

क.सं.	शीर्षक नं.	लगत हसबली समेत रु.	असुली रु.	दाखिला रु.	बाँकी रु.	
१	१५११२	३१९९७२५.००	३१९९७२५.००	३१९९७२५.००	०	०

लेखापरीक्षणबाट देखिएको व्यहोराहरु

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	लेखापरीक्षणको क्रममा बस भाडा रु.१५००, भत्ता रु.५३८१६।५० समेत **रु.५५५३१६।५०** असुल भई सम्बन्धीत खातामा दाखिला भएको छ ।	
१.	**लेखा ढाँचाको प्रयोग नभएको —** नेपालको संविधानको धारा २४१ मा नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखापरीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा संघीय कानून बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा समेत स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफरिसमा महालेखापरीक्षक बाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । सोही अनुसार एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेपसास) बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरी दुई समूहका फारामहरु आ.व. २०७५।७६ देखि लागू गर्ने उद्देश्यले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको छ । जस अनुसार १४२ प्रकारका फाराम विकास भएकोमा ७९ नयाँ फारामहरु र ६३ परिमार्जित फाराम विकास भएको अवश्था छ । उपर्युक्त अनुसारको वित्तीय प्रतिवेदमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोबारको बजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टि गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संञ्चित कोषको अवस्था, आन्तरिक राजस्व, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी स्थिति, वितरण	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	गर्न बाँकी राजस्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा सस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, सञ्चित कोषबाट भएका खर्च भुक्तानी, आयोजना र कार्यमा खर्च (सशर्त अनुदान), भुक्तानी दिन बाँकीको विवरण, फिर्ता दिन बाँकी अनुदान, फिर्ता लिन बाँकी अनुदान, पेश्की बैंक तथा नगद बाँकी र अन्य सम्पत्तिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष यस पालिकाले उपर्युक्त ढाँचाको पूर्ण अनुशरण गरी वित्तीय प्रतिवेदन तयार गरेको छैन । स्वीकृत ढाँचामा लेखा राख्ने र खुलासा तथा टिप्पणी सहितको प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ ।	
	वित्तीय विवरण विश्लेषण	
२.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिका तथा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार पालिका तथा पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा संचित कोषको मौज्दात रु.९२३३०२९०।९८ रहेकोमा म.ले.प.फा.नं.२७२ मा रु.९५८४१९८३।७५ देखाएकोले रु.३५११६९२।७७ समायोजन गरिएको छ । • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • पालिका भवन निर्माण कार्यको गत विगतको पेश्की रकम रु.१३००००० समायोजनको गोश्वरा भौचर तयार गर्दा पेश्की समायोजन उल्लेख हुनुपर्नेमा बजेट खर्च भई पेश्की बराबरको रकम अन्य कट्ट तर्फ जनाईएकोमा म.ले.प.फा.२७२ मा उक्त रकम समायोजन गरिएको छ । • म.ले.प.फा.नं.२७२ को अनुसूचि २१ अनुसार संघीय सरकारतर्फ रु.१७०८३४२०।२९ र प्रदेशतर्फ रु.३९३२८८५।२९ समेत रु.२१०१६३०५।५८ निकासा फिर्ता गरेकोले सोही अनुसार हिसाब समायोजन गरिएको । • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.२८२१।१८ ले फरक देखिएको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको पूर्ण अनुशरण गरी लेखाङ्कन तथा प्रतिवेदन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
३.	**नगद मौज्दात** - पालिकाले पेश गरेको वित्तीय विवरण अनुसार आर्थिक वर्षको अन्तमा रु.२८२१।१८ नगद मौज्दात देखिन्छ । उक्त रकम पालिका संचितकोष दखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.	२८३१।१८
४.	**दाखिला बाँकी कर** - पालिकाले पेश गरेको आर्थिक विवरण अनुसार २०७७ बषाढ मसान्त सम्म को विभिन्न भुक्तानीमा कट्टी भएको रु.४३२३०६।५० अग्रिम कर दाखिला गर्न बाँकी रहेको छ । उक्त रकम सम्बन्धीत खातामा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.	४३२३०६।५

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
५.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो। • विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा आंशिक मात्र गरेको छ । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना र नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्नेमा पालिकाले यो वर्ष पुजीगत शिर्षकबाट रु.९ करोड २५ लाख ५४ हजारको पूँजीगत खर्च गरेकमा खरिद योजना बनाएको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • निर्माण कार्यको लागि स्वीकृत म.ले.प.फा.नं.५०३ अनुसारको ढाँचामा नापी किताब नराखी कम्प्युटरबाट तयार गरेको लुजसीटमा नापी विवरण उल्लेख गरी खर्च लेख्ने गरेको पाईयो ।	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • रु. २५ हजार भन्दा बढीको रकम चेकमार्फत भुक्तानी गर्नुपर्नेमा कितपय कारोबारहरु कर्मचारीले पेश्की लिई भरपाई गराउने गरेको पायईयो । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फ बाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान उपलब्ध गराएकोमा उक्त अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम अभिलेख तथा श्रोत नक्सांकन गरेको पाईएन् । • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ बमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब भत्ता खर्च लेखेको पाईयो । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १२ ऐन, ४ नियमावली, ३३ कार्यविधि ५ निर्देशिका र ३ नर्म्स समेत ४७ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
	योजना तर्जुमा, बजेट तथा कार्यक्रम	
६.	**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।	

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसोचौमासिक	
१	गा.पा. पूँजीगत	९१६५४	१४३९०	२१५२२	५५७४२	४३३१०
	खर्च प्रतिशत		१५।७०	२३।४८	६०।८२	४७।२६

उपरोक्त विवरण अनुसार पालिकाले तेस्रो चौमासिकमा कुल बजेट खर्चको ६०।८२ प्रतिशत खर्च गरेको छ । जसमध्ये असार महिनामा मात्र ४७।२६ प्रतिशत खर्च गरेको छ । तसर्थ आर्थिक वर्षको अन्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
७.	**क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	३३३६५०००	१०२४३७९१	४.५५
सामाजिक क्षेत्र	१३४३३०९२१	९९८६९९८७	४४.३९
पूर्वाधार विकास क्षेत्र	११९४२४१२९	७५७०१९३३	३३.६५
वातावरण तथा विपद् व्यवस्थापन	७७५७९२१	६०७०३५२	२.७०
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	५९६१५०००	३३११५१४९	१४.७२
जम्मा	**३५४४९२९७१**	**२२५००१२१२**	**१००.००**

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
८.	**खर्च विश्लेषण** - पालिकाको वित्तीय प्रतिवेदन अनुसार यस बर्ष आन्तरिक श्रोतबाट रु.३१२२०४५।०४ (मालपोतबाट प्राप्त रजिष्ट्रेशन शुल्क र वन रोयल्टी समेत), राजस्व बाँडफाँड रु.४६४४२९४५।७९ र अनुदानबाट रु.१९२०६९००० समेत पालिकाको सैचितकोषको आम्दानी रु.२४१६३३९९०।८३ भएकोमा पालिका चालुतर्फ रु.१२०१०५२६४।९७ र पूँजिगततर्फ रु.९१२५४०१८।४५ समेत रु.२११३५९२८३।४२ खर्च भएको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु देहायअनुसार रहेका छन् -	

- पालिकाको कुल आम्दानीको तुलनामा राजश्व बाँडफाड १९।२२ प्रतिशत, आन्तरीक श्रोत १।२९ प्रतिशत र अन्य अनुदानको हिस्सा ७९।४९ प्रतिशत रहेको छ ।
- पालिकाको यस बर्षको कुल बजेट खर्चको तुलनामा चालुतर्फ ५६।८३ प्रतिशत र पुँजीगततर्फ ४३।१७ प्रतिशत रहेको छ ।
- कुल चालुखर्चमध्ये पारिश्रमिक तथा सुविधामा रु.६८३८४८२२।६१ अर्थात आन्तरीक आयको तुलनामा २१९०।३९ प्रतिशत रहेको देखिन्छ ।
- यसवर्ष पदाधिकारी सुविधतर्फ रु.२७०९५६१।५७, सवारी साधन मर्मतमा रु.१३०४१७१।७०, भ्रमण, सभा संचालन तथा विविधतर्फ रु.४९०७०६६।३३, ईन्धन, मसलन्द तथा कार्यालय संचालनतर्फ रु.३३२९२२०।१७, सेवा परामर्शतर्फ रु.१८९९१७७ समेत रु.१४१४९१९६।८० जुन आन्तरीक आयको १८१।१९ प्रतिशत हुन आउछ ।

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	यसबाट पालिकाको आन्तरिक आयको तुलना अधिक रकम प्रशासनिक प्रयोजनमा खर्च भएको देखिन्छ । तसर्थ पालिकाले आन्तरीक आयको दायारा फरकीलो बनाउने तथा प्रशासनिक खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ । त्यसैगरी संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
९.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष १४ विवाद दर्ता भएकोमा ८ वटा मात्र फछ्र्यौट भई ६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
	संगठन तथा कर्मचारी ब्यवस्थापन	
१०.	**कल्याण कोष** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गत वर्षको बाँकी रकम रु.५ लाख मा पालिकाले यस वर्ष पालिका चालुतर्फबाट कर्मचारी कल्याण कोषमा रु.७२२७५५ समेत रु.१२२२७५५ जम्मा गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कानूनको व्यवस्था गरी कर्मचारी कल्याण कोषलाई व्यवस्थित गरिनुपर्दछ ।	
११.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले स्वीकृत दरवन्दी भित्रका पदमा २८ जना कर्मचारीहरु करारमा राखी रु.७५५६७७०/ खर्च लेखेको छ ।	
१२.	**मुचुल्का उठाएको बैठक भत्तानी** — कार्यालय समयमा कर्मचारीले बैठक भत्ता पाउने ब्यबस्था नरहेकोले टेन्डर खोल्दा तथा मुचुल्का उठाउदा देहाए बमोजिम भूक्तानि भएको भत्ता मध्ये रु.६२०० भएको छ भने निम्नानुसार बाँकी रकम असुल गरी दाखिला हुनुपर्ने रु.....	५१३००

गो भौ नं	नाम	बैठक संख्या	दर	जम्मा रकम
१२५/०७७/३/९	जगत ब भोलन	२	१६००	३२००
१२५/०७७/३/९	दुर्गा देवी सुनुवार	१	१६००	१६००
१२५/०७७/३/९	महेन्द्र यादब	२	१६००	३२००
१२५/०७७/३/९	सुरेन्द्र कुमार स्याङ्गतान	१	१६००	१६००
१२५/०७७/३/९	किशोर वाईवा	१	१६००	१६००
१२५/०७७/३/९	सुदिप कुमार थापा	१	१२००	१२००
१२५/०७७/३/९	प्रकाश खतिवडा	१	१२००	१२००
१२५/०७७/३/९	भरत जंग थापा	१	१२००	१२००
७४/०७६/१०/१३	सन्तोस नेपाली	३	१५००	४५००
७४/०७६/१०/१३	किशोर वाईवा	३	१५००	४५००
७४/०७६/१०/१३	दिलिप कुमार शाह	३	१५००	४५००
७४/०७६/१०/१३	हेम विक्रम चौहान	३	१५००	४५००
७४/०७६/१०/१३	भरत जंग थापा	३	१५००	४५००
१९७/७७/३/२१	जगत ब भोलन	२	१०००	२०००
१९७/७७/३/२१	दुर्गा देवी सुनुवार	२	१०००	२०००
१९७/७७/३/२१	प्रकाश खतिवडा	१	१०००	१०००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

१९७/७७/३/२१	भरत जंग थापा	१	१०००	१०००
१९७/७७/३/२१	सुदिप कुमार थापा	२	१०००	२०००
१९७/७७/३/२१	सुरेन्द्र कुमार स्याङ्गतान	२	१०००	२०००
१९७/७७/३/२१	पुष्पराज दुवाडी	१	१०००	१०००
१९७/७७/३/२१	भीम ब के सी	२	१०००	२०००
१९७/७७/३/२१	किशोर कुमार वाईवा	१	१०००	१०००
जम्मा				५१३००

१३. **मर्मत आदेश** पालिकाले कुनै पनि मालसामानको मर्मत गर्दा कार्यलय तथा खर्च लेख्ने पदाधिकारीबाट मर्मत गर्ने आदेश लिई गर्नुपर्ने व्यवस्था छ । साथै मालसामान तथा सवारी साधन मर्मत गर्दा प्रयोग हुने सामानहरु जिन्सी दाखिला गर्नेपर्दछ । पालिकाले गाडी मर्मत गर्दा मर्मत आदेश र सामान खरिद गरी मर्मत गर्दा उक्त सामानको दाखिला समेत गर्नु पर्ने हुन्छ तर पालिकाले विभिन्न मितिमा मर्मत गर्दा मर्मत आदेश लिएको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

गो भौ नं	विवरण	रकम
१४७/०७७/२/२९	टायर लगायतका सामान खरिद	४२८८७४
१८९/०७७/२/२९	टायर लगायतका सामान खरिद	१२७३७०
२५६/०७७/३/३०	टायर लगायतका सामान खरिद	३४४००
जम्मा		५९०६४४

१४. **अनुत्पादक खर्च** - सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु. १८९४२०/ खर्च गरेको देखिन्छ ।

सि.नं.	भुक्तानी पाउने संस्थाको नाम	प्रयोजन	रकम
१	यम कुमारी दमाई वडा नं २	तीज पर्व	१५०००
२	सानुनानी लामा वडा नं १	तीज पर्व	१४४२०
३	हिमाली माया वि क वडा नं ३	तीज पर्व	१५०००
४	चक्र ब पाखीन वडा नं ४	तीज पर्व	१५०००
५	सेती कमिनी वडा नं ५	तीज पर्व	१५०००
६	उत्तर कुमार वाईवा	ल्होसार पर्व	११५०००
जम्मा			१८९४२०

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१५. **करार कर्मचारीलाई महंगी भत्ता** सामान्य प्रशासन मन्त्रालयको च.नं.२१७ मिति २०७४।०१।२५ को परिपत्र अनुसार करार सेवमा कार्यरत कर्मचारीहरुले महंगी भत्त पाउने देखिदैन । पालिकाले उक्त व्यवस्था विपरित ७ जना करार कर्मचारिलाई मासिक २००० का दरले महङ्गी भत्ता भूक्तानि दिएको छ । उक्त रकम असुल हुनुपर्ने देखिएको रु..... — बेरुजू रकम: १६८०००

सि नं	नाम	महंगि भत्ता रकम
१	मिलन पुलामी	२४०००
२	रुपनारायण श्रेष्ठ	२४०००
३	विक्रम थिङ	२४०००
४	सुदीप थापा	२४०००
५	क्षमा दोर्जे लामा	२४०००
६	पवन सुनुवार	२४०००
७	सूर्य वहादुर वाईवा	२४०००
जम्मा		१६८०००

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
१६.	**विविध खर्च —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु.२५४८७८४।३३ र सभा संचालनतर्फ रु.१२१७०० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
	पदाधिकारी सुविधा	
१७.	**पदाधिकारी सुविधा —** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आपूm निर्वाचित भई अनुसूची-२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार बागमती प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ बैशाख ३ मा राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसुचि १ मा उल्लेख भएको सुविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा २०७६।०४।०१ देखि २०७६ असोज मसान्त सम्मको रु. ९९७५००/ खर्च लेखेको छ भने ततपश्चात संशोधित प्रदेश कानुन अनुसार सुविधका दिएको देखिन्छ ।	
१८.	**पदाधिकारी थप सुविधा —** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ (क) (१) मा स्थानीय तअका पदाधिकारीहरुले अनूसूची १ मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ । साथै सोही ऐनको दफा १२ ले पदाधिकारी, सदस्य तथा सभाका सदस्यको लागि कुनै सुविधा निर्धारण गर्नुपर्दा यस ऐनमा तोकीएको सुविधालाई अधिकतम् मानेर आफ्नो अधिकार क्षेत्र भित्र रहेर आर्थिक स्रोत तथा क्षमताका आधारमा निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ । जसअनुसार पदाधिकारीहरुलाई पोशाक वापतको रकम भुक्तानी दिन मिल्ने देखिदैन् । यस स्थानीय तहले पदाधिकारीहरुलाई पोशाक वापत रु. २७९९४०/ खर्च लेखेको छ । कानूनमा व्यवस्था नभएको उक्त रकम असुल गर्नुपर्ने रु.	२७९९४०
१९.	**स्वकीय सचिव र सल्लाहकार —** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव राख्न पाउने व्यवस्था गरेको छैन। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँ प्रमुखको स्वकीय सचिवका रुपमा सहायक स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री राजेश लोलाई नियुक्त गरी मासिक रु. २३०००/ का दरले भुक्तानी गरेको नियमित नदेखिएको रु.	३०९०००
२०.	**एउटा मात्र सुविधा पाउने —** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५(पहिलो संशोधन समेत) को दफा ८ अनुसार सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारीमा निर्वाचित वा मनोनयन भएमा निवृत्तभरण वा यस ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र पाउने व्यवस्था छ । तर गाउँपालिको उपाध्यक्षसंगको छलफलको क्रममा निज स्वयम् शिक्षक बाट अबकास भएको बुझिएको र निजको नाममा आ ब ०७६/७७ मा पालिकाबाट रु. ४१८२००/ खर्च लेखेको छ । साथै उपाध्यक्षले दोहोरो पर्नेगरी यस प्रकारको सुविधा लिए नलिएको स्वघोषणासमेत संलग्न गरेको पाईएन।त्यसैले यस विषयमा पालिकाले यकिन गरी आबश्यक कारबाही गर्नुपर्दछ।	
२१.	**सोझै खरिद —** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने,	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ विभिन्न मितिमा रु.१०६७००० को कार्यालय सामाग्री सोझै खरिद गरेको छ । कर्मचारी संख्या र प्रशासनिक कार्यमा हुने वृद्धिसँगै कार्यालय सम्वन्धी खर्चमासमेत वढोत्तरी हुदै जानेभएकोले यस्ता खरिद प्रतिस्पधात्मक बनाउनु पर्दछ ।	
	कर दस्तुर एवं आन्तरिक आय	
२२.	**राजस्व अनुमान तथा असुलीः** गाउँपालिकाले यो वर्ष आन्तरिक श्रोतबाट रू. ३००००००।—राजस्व संकलन हुने अनुमान गरेकोमा रू. १४४६७५४।७६ संकलन गरेकोले रु.१५५३२४५।२४ (अनुमानको तुलनामा ५१।७७ प्रतिशत) घटी राजस्व संकलन भएको छ। करको दायरा वढाउने र असुली प्रकृया प्रभावकारी वनाई राजस्व संकलन वढाउनु पर्दछ।	

शीर्षक	अनुमान	असुली	प्रतिशत
भुमिकर/मालपोत	१५००००	३०९२४१.४४	२०६.१६
घरवहाल कर	८००००	३७२१३.३२	४६.५२
निकासि	१७५०००	१०९००	६.२३
व्यावसाय रजिष्ट्रेशन दस्तुर	५०००००	६०६००	१२.१२
न्यायिक दण्ड, जरिवाना र जफत तथा सेवा शुल्क	१६०००००	५३०६४०	३३.१७
ब्यको लोडर भाडा	२०००००	४४०६१०	२२०.३१
सहकारी दर्ता शुल्क	५०००	४४०००	८८०.००
अन्य आय	२९००००	१३५५०	४.६७
	३००००००	१४४६७५४.७६	४८.२३

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
२३.	**नगदी आम्दानीः** गाउँपालिकाले यो बर्ष नगदी रसिद तथा मालपोत रसिद ठेली बाट सम्पत्तिकर- सिफारिश दस्तुर लगायत विभिन्न शिर्षकमा आम्दानी गरेको छ । उक्त आम्दानी कारोबार गर्दा देहाय अनुसार गरेको पाइयोः	
२४.	**रसिद ठेलीको प्रयोगः** गाउँपालिकाले छपाईबाट प्राप्त भएको आम्दानी गर्दा प्रयोग गरिने नगदी रसिद ठेली के कति वितरण भयो र वितरण भएका रसिदबाट प्राप्त आम्दानी समयमै दाखिला गरेको प्रमाणसमेत सम्लग्न गरी नगदी रसीद कार्यालयले फिर्ता लिनु पर्दछ। पालिकाले यो वर्षको कर संकलन गर्न विगत वर्ष जारी गरेका रसिदसमेत प्रयोग गरेको देखियो। रसिद नियन्त्रण खातामा तयार गरेको भएता पनि व्यवस्थित र अद्यावधिक गरेको पाईएन । चालु वर्षको लागि वितरण गरेको रसिद बाहेक अन्य रसिदबाट समेत आम्दानी गर्दा रसिदको दुरुपयोग हुन सक्ने र संकलित आय संञ्चित कोष दाखिला नहुने जोखिम रहन्छ । तसर्थ रसिद नियन्त्रण खाता व्यवस्थित गरी चालु वर्ष जारी भएका रसिद मात्र प्रयोग गर्ने र वर्षान्तमा बाँकी रहेका रसिदहरु फिर्ता गरी पुन नयाँ रसिद जारी गर्ने व्यवस्था मिलाई सम्पुर्ण आम्दानी दाखिला भएको सुनिश्चत गर्दै पालिकाले यस वर्ष आम्दानी गरेको रु.१४४६७५४।४४ यथार्था मान्न सकिएन् । तसर्थ पालिकामा प्राप्त भएको आम्दानी प्राप्त हुनुपर्ने अनुसार नै भएको हो वा होईन एकिन गरी हिसाब अध्याविधक राख्नु पर्दछ ।	
२५.	**हेभी ईक्वीपमेन्टको आय स्थितिः** पालिकाले आफ्नो नाममा रहेको मेशीनहरुको उपयोग तथा दीगो व्यवस्थापन को लागि कार्यविधि तयार गरी व्यवस्थित तरिकाले सञ्चालन गर्नु पर्दछ। पालिकाले खरिद गरेको एक व्याकहो लोडर सञ्चालनमा रहेको छ। यो वर्ष लेखापरीक्षणको क्रममा व्याक हो लोडरवाट जम्मा रु/३९०८२०।**ढ** आम्दानी गरेको देखियो। मेशिन सञ्चालन भएको समय, ईन्धन खर्च खुल्ने लगसिट तथा आम्दानीको व्यवस्थित अभिलेख राख्ने नगरेबाट यी साधनहरुको सञ्चालन आय तथा व्यय अवस्था यकिन गर्न सक्ने अवस्था रहेन ।	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	व्यवस्थित तरिकाले मेशिन सञ्चालन गरी सो बाट प्राप्त हुने आय पालिकाको खातामा जम्मा भएको सुनिश्चित हुने प्रणाली विकास गर्नु पर्दछ।	
	योजना संचालन तथा पुँजीगत खर्च	
२६.	**योजना छनौट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन् । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
२७.	**योजना कार्यान्वयन तथा संचालन** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष पालिकाले पुँजीगततर्फ रु.८० हजार देखि रु. १ करोड ४ लाख सम्मका ९३ वटा योजनाहरुको कार्यान्वयन गरी रु.९ करोड २५ लाख ५४ हजार खर्च गरेको छ । जसमध्ये रु.५ लाख भन्दा मुनिका मात्र ७६ वटा योजनाहरु रहेका छन् भने रु.५० लाख भन्दा माथीका ३ वटा मात्र योजना रहेका छन् । यसरी स-साना तथा छरिएर रहेका योजनाहरुले दीगो तथा टिकाउ विकासको लक्ष्य हासिल गर्न समेत सक्ने अवस्था समेत देखिदैन् । साथै जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च हुने र निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु प्रतिफलमूलक नतिजा दिन सक्ने प्रकृतिका योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।	
२८.	**ज्याला तथा निर्माण सामग्रीको दररेट** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा पुरै जिल्लाभरि वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न तोकीए बमोजिम दररेट निर्धारण गर्ने सक्ने व्यवस्था छ । पालिकाले सिन्धुली जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेट प्रयोग नगरी आफ्नो पालिका क्षेत्रभित्र लागू हुने गरी छुट्टै दररेट निर्धारण गरेको पाइयो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला तथा महशूलको स्थानीय दररेट तोक्न सक्ने व्यवस्था रहेको भए तापनि अधिकांश निर्माण सामग्रीको दररेट जिल्ला दररेट निर्धारण समितिले तय गरेकोभन्दा बढी रहेको पाइयो ।यस पालिकाबाट महोतरी लगायतका तराईका जिल्ला नजिक रहेको र यस पालिकामा संचालन भएका सबै निर्माण कार्यमा तराईको ईटा प्रयोग गर्ने गरेकोमा पालिकाले तराईको ईटाको दर पालिका दररेटमा समावेश गरेको छैन्। पालिकाले एक्साभेटरको दर रु.४१८०, दक्ष ज्यामीको दर रु.११०० र अदक्ष ज्यामीको दर रु.८०० तय गरेको छ जुन जिल्ला दररेट भन्दा क्रमश रु.१६८०, ११० र ८५ ले बढी रहेको छ । यस्तो दररेट निर्धारण गर्दा बजारमा प्रचलित दररेट, गत विगतको दररेट लगायतका पक्षलाई आधार लिने असल अभ्यास रहेको पाइन्छ । कार्यपालिकाले यस्तो दररेट निर्धारण गर्दा यस्ता पक्षलाई ध्यान दिन सकेको पाइएन । अतः निर्माण सामग्री तथा ज्यालाको दररेट निर्धारण गर्दा यस तर्फ ध्यान दिनुपर्ने देखिएको छ ।	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>२९.</td><td>चेनेज नखुलाएको – सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा, विलको भुक्तानी गर्दा, नापी किताब तयार गर्दा र कार्यसम्पन्न प्रतिवेदन समेतमा स्पष्टसँग चेनेज खुलाउनु पर्दछ । तर पालिकाले देहायअनुसार सडक तथा बाटो निर्माण, ग्राभेल हाल्ने तथा स्तरउन्नती गर्ने, रिटेनिङ्ग वाल लगाउने लगायतका कार्यमा प्राविधिकले लागत अनुमान, रनिङ बिल भुक्तानी तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा समेत सडकको चेनेज/लोकेशन खुलाएको पाईएन । जसबाट उक्त निर्माण भएको सडकको बास्तविक लम्बाई, भएको कार्य, एकै स्थानमा दोहोरो पर्ने गरी कार्य भए नभएको सम्बन्धमा एकीन गर्न सकिएन । तसर्थ पालिकाले निर्माण हुने सडक तथा ढल योजनाको लागत अनुमान देखि कार्यसम्पन्न प्रतिवेदनसम्म चेनेज/लोकेशन खुलाई निर्माण कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ । यसका केही उदाहरणहरु
<table>
<tr><th>गो.भौ.</th><th>योजनाको नाम</th><th>योजनाको लागत अनुमान</th><th>कार्यसम्पन्न</th><th>पालिकाबाट भुक्तानी</th></tr>
<tr><td>२, ४, ६६,</td><td>वडा नं. ४ नेत्रकाली अन्तरगतका सडकहरु सरसफाई तथा मर्मत
(विभिन्न् ८ वटा बाटोहरु सफाई गरेको)</td><td>१६१५०७१</td><td>११६६३१२</td><td>१०५४५८७</td></tr>
</table></td><td></td></tr>
<tr><td>३०.</td><td>मू.अ.कर समायोजन – मूल्य अधिवृद्धि कर नियमावली, २०५३ (एकाइसौ संशोधन) को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको स्वामित्व भएको संघसस्थाले ठेक्का वा करार सम्झौता अन्तर्गत वस्तु तथा सेवाको आपूर्ती गर्दा सम्बन्धित ठेकदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुन आउने रकम कट्टा गरी निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी ५० प्रतिशत मात्र भूक्तानी दिने उल्लेख छ । तर पालिकाले तपसिल बमोजिमका कार्यमा नियमानुसार ५० प्रतिशत मू.अ.कर रकम कट्टी गरेको पाईएन । त्यसैले सम्बन्धित निर्माण व्यवसायि वा आपुर्तिकर्तालाई पालिकाबाट भूक्तानी भएको मु.अ. कर रकम समायोजन गरेको प्रमाण पेश हुने पर्ने रु.
<table>
<tr><th>गो.भौ.</th><th>योजनाको नाम</th><th>व्यवसायि/सप्लायर्स</th><th>भुक्तानी मु.अ.कर रकम</th><th>५० % रकम रु</th></tr>
<tr><td>१४७</td><td>सोला भञ्याङ्ग सातदोबाटो लगायत ३ वटा सडकको ३५ कि मि डीपीआर</td><td>हिमशिखा ईन्जिनियरिङ्ग एण्ड कन्सल्टेनसी</td><td>११३७८२</td><td>५१८९१</td></tr>
</table></td><td>११३७८२</td></tr>
<tr><td>३१.</td><td>भ्युटावर निर्माण – ठे.नं.०२।२०७६।७७ फापरचुली भ्युटावर निर्माण कार्यको लागि पालिकाले रु.१२२९६३७९।२३ लागत अनुमान स्वीकृत गरी ठेक्का व्वस्थापन गरेकोमा श्री घ्याङ्गलेख निर्माण सेवाले मिति २०७७।०९।०७ भित्र सम्पन्न गर्ने गरि पालिका र निर्माण व्यवसायिबीच २०७७।०२।२३ मा सम्झौता भएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन ।</td><td></td></tr>
<tr><td>३१.१.</td><td>गो.भौ.४८ मिति २०७७।०२।२५ बाट घ्याङ्गलेख निर्माण सेवालाई रु.२०००००० मोविलाईजेशन पेश्की उपलब्ध गराएको पालिकाबाट दिईएको डिजान अनुसार उक्त स्थानमा कार्य गर्न पालिकाले माटो परीक्षण गराई आवश्यकता अनुसार डिजाईन समेत परिवर्त हुने भए सोही बमोजिम हुने भनीएकोमा पालिकाले लेखापरीक्षण अविधि सम्म समेत पनि माटो परीक्षण गरी कार्य गर्न आदेश नदिएकोले मोविलाईजेशन पेश्की बाँकी रहेको देखिन्छ । उक्त पेश्की समयमा असुल फर्छ्यौट हुनुपर्ने देखिएको रु.</td><td>२००००००</td></tr>
<tr><td>३१.२.</td><td>पालिकाले माटो परीक्षण सहितको डीपीआर प्रतिवेदन तयार गर्ने गरी कार्य गराउनु पर्नेमा सो नगरी पालिकाले १०४ फिट उचाई भएको भ्युटावरको लागत विस्तीत परियोजना प्रतिवेदन तथा अनुमान तयार गर्ने जिम्मा श्री हिमशिखा ईन्जिनियरिङ्ग कम्पनीलाई दिएकोमा उक्त कम्पनीले २०७५ फागुनमा प्रतिवेदन तयार गरि पालिकामा पेश गरेको छ । जसकारण लेखापरीक्षण अविध २०७७।११।०४ सम्म पनि उक्त निर्माण कार्य सूरु नै भएको देखिएन ।</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
३१.३.	पालिका र निर्माण व्यवसायि बीच मिति २०७७।०२।२३ मा भएको सम्झौताका अतिरक्त पालिका र निर्माण पाललिका प्रमुखको रोहभरमा सोही मितिमा निर्माण व्यवसायिबीच थप अतिरक्त सम्झौता भएको छ । उक्त सम्झौताको बुदाँ नं. ८ मा लागत अनुमान स्वीकृत तथा ठेक्का प्रकाशित हुनु अगावै गरिने गरिने विस्तृत योजना प्रतिवेदन डीपिआर माटो परीक्षण नगरि तयार भएकोमा उक्त भ्युटावरको डिजाईन स्वीकृत भएकोले निर्माण कार्य सुरुगर्नु अगाडी कार्यालयले माटो परीक्षण गरी पुन उपयुक्त डिजाईन परिवर्तन हुने भए सोही अनुसार कार्य गर्ने गराउने उल्लेख छ ।	
	लेखापरीक्षणको क्रममा प्राप्त जानकारी तथा भौगोलिक अवस्थाको आधारमा उक्त स्थानमा चटयाङ्ग पर्ने तथा हावाहुरी समेत लाग्ने देखिएकोले १०४ फिटको लागि आवश्यक पर्ने संचनाको डीपीआर गर्दा माटो परीक्षण बेगर प्रतिवेदन तयार गरेको कारण उक्त डिपिआर अनुसार कार्य गर्न नसकिने निर्माण व्यवसायिको भनाई रहेको कार्यालयको भनाई रहेको छ । तसर्थ भौगोलसक अवस्था तथा माटो परीक्षण डिपिआर तयार गराई लागत अनुमान स्वीकृत गर्ने तथा गराउने लाई जिम्मेवार बनाई उक्त कार्य संचालन गर्न गराउन पालिकाले आवश्यक कारबाही गर्नुपर्दछ ।	
३२.	**ठे.नं.१६।०७५।७६ पालिका भवन निर्माण** पालिका र निर्माण व्यवसायि श्री सिकाक हुस्से निर्माण सेवा वीच रु.६५०५१८०।०३ मा २०७६।०५।३१ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७६।०३।१६ मा सम्झौता भएको छ । यस सम्बन्धमा देखिएको व्यवहोराहरु निम्नानुसार रहेको छन् ।	
३२.१.	निर्माण व्यवसायिले २०७६।०५।३० मा फाईनल बील भुक्तानी पाउँ भनी पालिकामा निवेदन दिएकोमा पालिका प्राविधिकले नापँजाँच गर्दा निर्माण व्यवसायिबाट रु.४६२५८४६ को मात्र कार्य भएको देखिएको सोही अनुसार मिति २०७६।६।१५ मा प्रथम रनिङ्ग बिल भुक्तानी दिएको छ । ततपश्चात निर्माण व्यवसायिले उक्त भवन निर्माण कार्यचालु राखे नराखेको तथा कार्य गर्न पालिकामा म्याद थपको निवेदन समेत दिएको देखिएन । साथै पालिकाको च.नं.४२७ मिति २०७७।०७।१९ मा निर्माण व्यवायसलाई पत्रचार गर्दै हालसम्म पनि सम्झौता अनुसारको कार्य सम्पन्न नभएकोले बाँकी कार्य यथाशिध्र सम्पन्न गरी भुक्तानी लिन अनुरोध गरेकोमा निर्माण व्यवसायिले लेखापरीक्षण सम्म पनि कार्य गरेको देखिएन् ।	
३२.२.	पालिका र निर्माण व्यवासायि बीच मिति २०७६।०३।२६ मा भएको सम्झौताको जीसीसीको २६।३ मा निर्माण व्यवसायिले आफुले गरेको कामको तथा कार्यको प्रोग्राम अपडेट गरि हरेक ७ दिनमा पालिमा पेश गर्नुपर्ने तर निर्माण व्यवसायिले ७ दिन भित्र प्रोग्राम अपडेड नदिको अअवस्थामा रु.१००००० रोक्का गर्ने उल्लेख छ । तर निर्माण व्यवासायिले अपडेटेट प्रोग्राम पालिकामा पेश गरेको देखिएन् । सम्झौता अनुसार पालिकाले रु.१००००० रोक्का राखुपर्नेमा सो गरेको पाईएन् । तसर्थ प्रोग्राम अपडेट पेश नभएको रकम निर्माण व्यवसायिबाट असूल हुनुपर्ने देखिएको रु.	१०००००
३२.३.	पालिका र निर्माण व्यवासायि बीच मिति २०७६।०३।२६ मा भएको सम्झौताको जीसीसी ४७।१ मा निर्माण व्यवसायि समयमा कार्य नगरेमा अधिकतम सम्झौता रकमको १० प्रतिशत हुने गरी प्रति दिन सम्झौता ०।०५ प्रतिशतले हुने रकम पूर्व निर्धारित क्षतिपूर्ति लाग्ने उल्लेख छ । तर निर्माण व्यवासायिले लेखापरीक्षण अविध २०७७।११।०४ सम्म पनि उक्त कार्य सम्पन्न गरेको देखिएन् । तसर्थ सम्झौतामा उल्लेख भए अनुरुप सम्झौता रकम रु.६५०५१८०।०३ को १० प्रतिशतले हुने पूर्व निर्धारित क्षतिपूर्ति रकम रु.६५०५१८ असूल हुनुपर्ने देखिन्छ । तसर्थ निर्माण व्यवसायिबाट असूल हुनुपर्ने देखिएको रु.	६५०५१८
३२.४.	निर्माण व्यवसायिले २०७६।३।१६ मा सम्झौता गर्दा पालिकामा पेश गरेको रु.१२३८८६२ को कार्य सम्पादनको म्याद २०७७।४।०५ समाप्त भएको छ । तर लेखापरीक्षण अविध २०७७।११।०४ सम्म	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	पनि उक्त कार्य सम्पन्न भएको देखिएन् । तसर्थ कार्य सम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश हुनुपर्ने रु.	१२३८८६२
३३.	**पूर्वनिर्धारित क्षतिपुर्ती -** सार्वजिनक खरिद नियमावली, २०६४ को नियम १२१ मा अपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायिको ढलाईका कारण सम्झौता बमोजिकको कार्य तोकीएको म्याद भित्रमा सम्पन्न हुन नसकेमा निजले सार्वजिनक निकायलाई सम्झौतामा १० प्रतिशतमा नबढने गरी प्रतिदिन सम्ता रकमको शुन्ना पाँच प्रतिशत पूर्व निरधारित क्षतिपुर्ति दिनुपर्ने उल्लेख छ । देहायअनुसार कार्य परामर्शदाता तथा निर्माण व्यवसायिले तोकीएको समयमा सम्पन्न नगरेको (लेखापरीक्षण अवधिसम्म पनि अधुरो ने रहेको) ले देहायअनुसार पूर्वनिर्धारित क्षतिपूर्ती लागउनु पर्ने देखिन्छ ।	
३३.१.	पालिका र हिमशिखा ईन्जिनियरिङ्ग एण्ड कन्सल्टेनसी बीच रु.१९७८०५३।७० मा सोला भञ्याङ्ग सातदोबाटो, चन्दनपुर सातदोबाटो, सिम्ले बन्दीपुर गरी ३ वटा सडकको ३५ कि.मि.सडकको डीपीआर तयार गरी पालिकामा २०७७।०३।२० भित्र तयार गरी पालिमा पेश गर्ने गरी मिति २०७७।०१।०८ मा सम्झौता भएको छ । सम्झौताको उल्लेख भएको मोड अफ पेमेन्ट अनुसार सम्झौता रकमको ५० प्रतिशत रकम ड्राफ्ट रिपोर्ट पेश भएपछी र ५० प्रतिशत रकम कार्य सम्पन्न भए पश्चात गर्ने उल्लेख छ । उक्त कन्सलटेन्सीले २०७७।०३।३१ मा पालिकामा ड्राफ्ट रिपोर्ट पेश गरी सम्झौता रकमको ५० प्रतिशतले हुने रकम रु.९८९०२६।२५ भुक्तानी लिएको छ । तर कन्सल्टेन्सीले म्याद सकिएको २२७ दिन सम्म अर्थात लेखापरीक्षण अवधि २०७७।११।०९ उक्त कार्य सम्पन्न गरि फाईनल रिपोर्ट कार्यालयमा पेश गरेको देखिएन् । तसर्थ उक्त कन्सल्टेन्सीलाई नियममा उल्लेख भए अनुसार सम्झौता रकमको १० प्रतिशतले हुने रकम रु.१९७८०५।३७ पर्वनिर्धारित क्षतीपूर्ति लाग्ने देखिन्छ । अत पालिकाले समयमै डीपीआर सम्पन्न गराउनेतर्फ ध्यान दिई पूर्व निर्धारित क्षतीपूर्ति वापतको रकम असूल गरी राजस्व दाखिला हुनुपर्ने रु.	१९७८०६
३४.	**हेभी इक्विपमेण्टको प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएको छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :	

गो.भौ नं.	उपभोक्ता समितिको नाम	कार्यसम्पन्न रकम	कार्यालयबाट भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
२, ४, ६६,	वडा नं. ४ नेत्रकाली अन्तर्गतका सडकहरु सरसफाई तथा मर्मत	११६६३१२	१०५४५८७	एक्साभेटर	१०५७५८९
४, ११, ५८	सुकाचरी डोठे सडक निर्माण	२२५३५७७	२०२८२१८	एक्साभेटर तथा ब्रेकर	१५५१०८०
७८ र १०६	लाकुरे हुदै घोन्दोर डाँडा जाने वाटो निर्माण	१५१८३६६	१४१२०७९	एक्साभेटर तथा ब्रेकर	१४५३२५९
८०	गार्के घिसिङ्ग टोल अब्जसे रमाईलो बस्ती मो बा	९९६४४१	९०००००	एक्साभेटर तथा ब्रेकर	९५८३४७
४	गर्के अब्जसे रामपुर भञ्याङ्ग सडक	८२८८९१	७७०८७०	एक्साभेटर तथा ब्रेकर	८२८८९०

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

३५. **माटो र चट्टान काट्ने कार्यको अनुपात** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै माटो र चट्टान काट्ने कार्यको अनुपात (**Soil & Rock cutting Ratio**) निर्धारण गर्दा विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइल टेष्टको आधार लिएर गर्नुपर्दछ । कार्यालयले उक्त आधारहरु बेगरै क्रस सेक्शन ड्रइङ्ग समेत नराखी स्वाइल र रक कटिङ्गको अनुपात निर्धारण गर्ने गरेको पाइयो । कार्यालयबाट सञ्चालित मोटरबाटो योजनाहरुको भुक्तानीको स्रेस्ता परीक्षण गर्दा नरम तथा कडा माटो र चट्टान १० देखि ९० प्रतिशतसम्म राखेको पाइयो । प्राविधिक पुष्ट्याइँ तथा आधार र क्रस सेक्शन ड्रइङ्ग बेगर लागत बढी पर्ने आईटममा बढी अनुपात राखी भुक्तानी गर्दा लागत वृद्धि हुने अवस्था देखिएको छ । यस किसिमको प्रवृत्तिमा सुधार हुनुपर्दछ । यसका केही उदाहरण देहाय अनुसार छन्।

योजना नाम	कुल एक्साभेसन परिमाण	खान्ने कार्यको अनुपात प्रतिशतमा तथा दर प्रति घ.मि.							
		नरम माटो		कडा माटो		नरम चट्टान		कडा चट्टान	
		प्रतिशत	दर	प्रतिशत	दर	प्रतिशत	दर	प्रतिशत	दर
वडा नं ४ नेत्रकाली अन्चरगतका बाटोहरु	२०३८३	९०	५५।२५	४०	६६।२५	०	०	०	०
सुकाचरी डोठे सडक निर्माण	१६०२३	६०	५५।१२	२०	६६।२५	१५	८९।१८	५	१३७।३७
लप्से मगरडाँडा मझुवा हुदै खावा थाप्लो सडक	९७७४	६०	५५।१२	३०	६६।२५	५	८९।१८	०	०

३६. **मटोमा बढी दर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । जस अनुसार पालिकाको स्वीकृत स्थानीय दररेट अनुसार मानिसबाट माटो खन्ने कार्यको दर सडक तर्फ प्रति घ.मि.रु.४१२ र ५७६।८० तथा भवन तथा अन्य निर्माणतर्फ ४९४।४० र ६५९।२० हुनुपर्ने देखिन्छ । पालिकाबाट संचालन भएका अन्य योजनाहरुमा समेत उपरोक्त अनुसारकै दर प्रयोग तथा साईट कन्डीसन अनुसार केहीमा अझ कमदर समेत प्रयोग गरेको देखिन्छ । तर पालिकाले देहायअनुसारका कही योजनामा फरक दरको प्रयोग गरि लागत अनुमान तयार तथा सोही दरमा उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । जसबाट निम्नानुसारको रकम बढी भुक्तानी भएको देखिन्छ । तसर्थ स्वीकृत नर्म्स भन्दा बढी दरमा भुक्तानी भएको असूल हुनुपर्ने देखिएको रकम रु.. १४६११२

गो.भौ.	**उपभोक्ता समिति**	**माटोको प्रकार**	**परिमाण घ.मि.मा**	**भुक्तानी भएको दर रु.**	**बढी दर रु.**	**बढी भुक्तानी रु**
१०	वडा नं. २ कार्यालय जाने बाटो	नरम	२९.१५	८२४	४१२	१२०१०
११	सुकाचुरट्ट डोठे सडक	कडा	८७.४५	८२४	३२९.६	२८८२४
९१	चाखुखोला सिचाई कुलो	नरम	३५.३०	८२४	४१२	१४५४४
४६	सातदोबाटो सतल निर्माण	नरम	७९.४५	८२४	२४७.२	१९६४०
७०	पाखुरे फेदी रामभेडा जुगेपानी सडक	नरम	८७.९९	८२४	४१२	३६२५२
४	रामपुर बजारमा देवकोटा स्मृति सभाहल	नरम	३५.४६	८२४	२४७.२	११६८८
३	तामाजोर गोठडाँडा सडक	कडा	७०.२५	८२४	३२९.६	२३१५४
	जम्मा					**१४६११२**

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>३७.</td><td>सडकमा बढी दर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । जस अनुसार पालिकाको स्वीकृत स्थानीय दररेट अनुसार मानिसबाट माटो खन्ने कार्यको दर सडक तर्फ प्रति घ.मि.रु.४१२ र ५७६।८० (पालिकाले अन्य योजनामा प्रयोग गरेको अधिकतम दरलाई मान्दा) हुनुपर्ने देखिन्छ । गो.भौ.१४ मिति २०७६।०९।२९ बाट सियाल बरबोटे गोरेटो बाटो निर्माण कार्यको लागि लागत अनुमान तयार गर्दा नरम माटो खन्ने कार्यको दर प्रति घ.मि. रु.८२४ र कडा माटो काटने कार्यको दर प्रति घ.मि. रु.१६४८ कायम गरी रु.२१५६५६।२५ को लागत अनुमान तयार गरी पालिकाले रु.१९४००० र उपभोक्ता समितिबाट रु.२१६५६।२५ बेहोर्ने गरी सम्झौता गरेको छ । उपभोक्ता समितिले उक्तबाटो निर्माणमा नरम माटो खन्ने कार्य २८७।५३ घ.मि. र कडा मटो खन्ने कार्य ९५।८४ घ.मि. गरेको देखिन्छ । जसअनुसार नरम मटो खन्नेमा रु.११८४६२।३६ र कडा माटो खन्ने कार्यको रु.५५२८०।५१ समेत रु.१७३७४२।८७ मात्र हुनेमा पालिका प्राविधिकले तयार गरेको उपभोक्ता समितिको विलमा रु.३९९८१२।३२ उल्लेख छ । स्वीकृत नर्म्स अनुसार उक्त कार्यको खुद मुल्याकंन रु.१७३७४२।८७ मात्र हुने र उपभोक्ता समितिको योगदान घटाउँदा रु.१५६२९६ मात्र भुक्तानी दिन मिल्नेमा पालिकाले रु.१९४००० भुक्तानी दिएकोले फरक दर उल्लेख गरी उपभोक्ता समितिलाई रु.३७७०४ बढी भुक्तानी भएको देखिन्छ । उक्त बढी भुक्तानी भएको रकम असूल गरी संचितकोष दाखिला हुनुपर्ने देखिएको रु.</td><td>३७७०४</td></tr>
<tr><td>३८.</td><td>ग्यावियनको कार्यमा बढी भुक्तानी - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको स्थानीय दर अनुसार हेभि कोटेड ग्याविनको लागि दर प्रति के.जि.रु.८५ र कमर्शियलको दर प्रति के.जि.रु.७५ रहेको छ । तर कमर्शियल तारको प्रयोग गरी तयार गरीएका मेसिन मेड तथा मान्छेबाट तयार गरेका जालीहरुको लागिसमेत हेभीको ग्यावीयन तारको दर प्रयोग गरी दरविश्लेषण गरेको देखिन्छ। जसबाट प्रति घ.मि. रु.१४७।३१ र १५२।८९ बढी दरले लागत अनुमान तयार हुन गई सोही दरमा नै उपभोक्ता समितिलाई भुक्तानी भएको छ । जसबाट देहायका योजना निम्नबमोजिक रकम बढी भुक्तानी हुन गएको देखिन्छ । तसर्थ उक्त रकम असूल हुनुपर्ने देखिएको रु.
<table>
<tr><th>गो.भौ</th><th>योजनाको नाम</th><th>कार्य भएको परिमाण</th><th>बढी दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>११०</td><td>चन्दनपुर भैसे सातदोबाटो मर्मत</td><td>१११.८०</td><td>१४७.३१</td><td>१६४८०</td></tr>
<tr><td>८७</td><td>पिपल भञ्ज्याङ्ग वारीपट्टी भोटे खेत देखी विस्कुने ढुंगा तथा तटबन्ध</td><td>९३.०६</td><td>१५२.८९</td><td>१४२२८</td></tr>
<tr><td>९७</td><td>अर्चले रातु राङचा मोटर बाटो</td><td>३९</td><td>१५२.८९</td><td>५९६३</td></tr>
<tr><td>४</td><td>सोला भञ्ज्याङ्ग बेलबोट रामपुर सडक</td><td>६७.८०</td><td>१५२.८९</td><td>१०३६५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td>४७०३६</td></tr>
</table></td><td>४७०३६</td></tr>
<tr><td>३९.</td><td>स्टोन म्यासनरीमा बढी दर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्षको लागि तयार गरेको दरविश्लेषण अनुसार स्टोन म्यसनरी १:४ को दर प्रति घ.मि.रु.७६६८ कायम गरेको छ । तर पालिकाले देहायअनुसारका योजनामा फरक दरको प्रयोग गरि लागत अनुमान तयार तथा सोही दरमा उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । जसबाट निम्नानुसारको रकम बढी भुक्तानी भएको देखिन्छ । तसर्थ स्वीकृत नर्म्स भन्दा बढी दरमा भुक्तानी भएको असूल हुनुपर्ने देखिएको रकम रु..
<table>
<tr><th>गो.भौ</th><th>उपभोक्ता समिति</th><th>परिमाण घ.मि.मा</th><th>भुक्तानी हुनुपर्ने दर रु.</th><th>भुक्तानी भएको दर रु.</th><th>फरक दर रु.</th><th>बढी भुक्तानी रु</th></tr>
<tr><td>१०</td><td>वडा नं. २ कार्यालय जाने बाटो</td><td>३८.२३</td><td>७९६८.१४</td><td>८९४४.१४</td><td>९७६</td><td>३७३१३</td></tr>
</table></td><td>३७३१३</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४०.</td><td>ढुवानीमा बढी भुक्तानी - पालिकोले तयार गरेको स्थानीय दरेरेटमा पालिका केन्द्र ५ कि.मि.वरपर तथा वडा नं. २ भित्रको लागि ढुवानीसमेत स्थानीय दररेट कायम गरिएको उल्लेख छ । पालिका प्राविधिकले तयार गरेको लागत अनुमानमा पालिका वरपरका ५ कि.मि.तथा वडा नं. २ मा निर्माण गरिएको देहायका योजनाहरुमा ढुवानी वापत रकम उल्लेख गरी लागत अनुमान तयार तथा सोही दरमै उपभोक्ता समितिलाई भुक्तानी भएको पाईयो । स्थानीय दररेट अनुसार नपाईने देहायअनुसार भुक्तानी भएको ढुवानी वापतको रकम असूल गरि स्थानीय संचित कोष दाखिला हुनुपर्ने देखिएको रु.
<table>
<tr><th>गो.भौ</th><th>उपभोक्ता समिति</th><th>ढुवानी रकम रु</th></tr>
<tr><td>८७</td><td>पिपल भञ्याङ्ग वारीपट्टी भोटे खेत देखि विस्कुने तटबन्ध</td><td>१४०००</td></tr>
<tr><td>१४५</td><td>सिम्ले भान भैसे फाँट तटबन्ध</td><td>१००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२४०००</td></tr>
</table></td><td>२४०००</td></tr>
<tr><td>४१.</td><td>पाईप वितरण – सार्वजनिक खरिद नियमावलीको को नियम १० अनुसार निर्माण सामाग्रीको लागत अनुमान तयार गरी खरिद कारबाही गर्नुपर्ने उल्लेख छ । पालिकाले गो.भौ.नं. १३८ मिति २०७७।३०।३० बाट विकल्प ईन्टरप्राईजेजको बिल नं.१२ र २२ (फोटोकपि बिल) बाट रु.४४७५४१।०४ बराबरका ४० एमएमको २०० मिटर र २० एमएमको १०८०० मिटर एचडीपीई पाईपहरु सोझै खरिद गरेकोमा २०७७ आषाढ मसान्तसम्म उक्त पाईपहरु मौज्दात नै रहेको देखिन्छ । तत्पश्चात बडाको सिफारिस तथा लाभग्राहीको निवेदनका आधारमा अध्यक्षले तोकआदेशमा उल्लेख भएको परिमाणका आधारमा पाईपईहरु वितरण गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा पेश भएको भरपाईका आधारमा ८ जनालाई प्रति व्यक्ति २०० मिटर देखि १५०० मिटर सम्म भरपाई गरी २० एमएमको ५९०० मिटर दिएको पाईयो । तर उक्त पाईपहरु प्रयोग भएको देखिने प्राविधिक मुल्यांकन समावेश गरेको पाईएन। तसर्थ उक्त पाईपहरु खरिद गरेको सक्कल बिल तथा जाडन भएको प्राविधिक विल पेश हुनुपर्ने रु.</td><td>४४७५४१</td></tr>
<tr><td>४२.</td><td>कार्य सम्पन्न प्रतिवेदन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिम कार्य सम्पन्न प्रतिवेदन लिएर मात्र अन्तिम बिल भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नेवासँगको सहकार्यमा पालिकामा खानेपानी योजना सञ्चालन तथा खानेपानी धारा जडान गर्न पालिका समपुरक कोषबाट खर्च गर्ने र पालिकाले स्थानीय सामाग्री खरिद तथा ढुवानी र ज्याला लगायतका कार्यमा देहायको रकम उपलब्ध गराउने समझदारि पत्रमा प्रमुख प्रशासकीय अधिकृतबाट हस्ताक्षर भए अनुसार पालिकालाले देहायअनुसारको रकम उपलब्ध गराउने गरी लागत अनुमान तयार गरेको छ । सोही बमोजिम खानेपानी उपभोक्ता समितिले बिल तथा ढुवानीको भरपाई पेश गरि भुक्तानी लिएको देखिन्छ । तर उक्त कार्य भएको देखिने प्राविधिक विल नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन समावेश गरेको पाईएन। जसकाकारण निर्माण कार्य के कति सम्पन्न भएको हो पालिकाले आफ्नो अंश भन्दा घटी वा वढि के कति रकम उपलब्ध गराएको हो सो समेत खुल्ने प्रमाण कागजात सहित देहायका निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>योजनाको नाम</th><th>पालिकाबाट भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>महाभारत खानेपानी स्वास्थ्य तथा सरसफाई योजना</td><td>२०००००</td></tr>
<tr><td>२</td><td>पानीघाट लालिगुरास स्वास्थ्य तथा सरसफाई योजना</td><td>२०००००</td></tr>
<tr><td>३</td><td>चौकीडाडा खानेपानी स्वास्थ्य तथा सरसफाई योजना</td><td>२०००००</td></tr>
<tr><td>४</td><td>गोपेखोला खानेपानी स्वास्थ्य तथा सरसफाई योजना</td><td>२०००००</td></tr>
<tr><td>५</td><td>बन्दीपुर खानेपानी स्वास्थ्य तथा सरसफाई योजना</td><td>२०००००</td></tr>
<tr><td colspan="2">जम्म</td><td>१००००००</td></tr>
</table></td><td>१००००००</td></tr>
<tr><td>४३.</td><td>सम्झौता अनुसार कार्य नभएको - उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी गर्नुपर्दछ । तर पालिका र उपभोक्ता समिति बीच देहायअनुसार कार्य गर्ने गरी सम्झौता</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	भएकोमा यस वर्ष निम्नानुसारको मात्र कार्य भएको पाईयो । उक्त योजनाहरुमध्ये कतिपय योजनाहरु सम्पन्न गर्न उपभोक्ता समितिले ईच्छा नदेखाएको कारण जनाई देहायअनुसार ५० प्रतिशत भन्दा घटी कार्य गर्दा समेत कार्यसम्पन्न दिईएको छ भने केही योजनाहरु ढिलो सम्झौता भएकोले समयमा पूरा हुन नसकेको देखिन्छ। आ.व.२०७७।७८ मा केही योजनाहरु बाहेक अन्यमा बजेट व्यवस्था समेत नभएको र सालबसालि रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित भएको छ । यसरी उपभोक्ता समितिबाट कार्य गर्दा अधुरो रहने तथा प्रतिस्पर्धासमेत नहुने भएकोले पालिकाले आगामि दिनमा उक्त कार्यहरु निर्माण व्यवसायिबाट गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । प्रतिस्पर्धा गराउदाँ एकातर्फ न्युन लागतमा कार्य सम्पन्न हुने देखिन्छ भने कुनै एक योजनाका लागिमात्र गठन हुने उपभोक्ता समितिले समयमै कार्य नगर्ने अवस्था समेत रहने देखिदैन । त्यसैगरी पालिकाले पनि समयमै निर्माण कार्यको सम्झौता गरी कार्य गराउने तर्फ ध्यान दिनुपर्दछ । यसका केही उदाहरणहरु	

भौ.नं.	योजना।उ.स	कारण	सम्झौता मिति	कार्य सम्पादन भएको	कार्य सम्पन्न %
४७	रातु दोभान बुधुमचुली मोटर बाटो	पालिकाले पटक पटक अनुरोध गर्दा समेत उपभोक्ता समितले बाँकी कार्य गर्न असर्थता जनाएकोले	०७६।८।१०	८३१११४	४८।४३
१०८	पहरिलेख रापुरडाँडा अधुरो सडक	उपभोक्ता समितले बाँकी कार्य नरेको	०७६।९।२३	६७१६५८	६२।३८
१००	लप्से मगरडाँडा मझुवा हुदै खावा थाप्लो सडक	उपभोक्ता समितले बाँकी कार्य नरेको पालिकाको भनाई	०७६।८।९	६६६१०५	४८।३४
७०	पाखुरे फेदी रामभेडा जुगेपानी सडक	०७७।७८ मा क्रमागत राखिएको	०७६।१२।४	१९३३३१०	३४।८०
६१	गोठडाँडँ भञ्यङ्ग देखि घिसिङ्ग टोल	उपभोक्ता समितले बाँकी कार्य नरेको पालिकाको भनाई	०७६।९।२१	२१५०८५	५०।०६
६३	सिम्लेफेदी देखी लोटोल हुदै स्वास्थ्य चोकी सडक	उपभोक्ता समितले बाँकी कार्य नरेको पालिकाको भनाई	०७६।९।७	३४७११९	३५।४०
७२	डुडे सिरसिरे मोटर बाटो	उपभोक्ता समितले बाँकी कार्य नरेको पालिकाको भनाई	०७६।८।१०	५९३६३६	३०।९५
१०२	पिपलबोटे ढल व्वस्थापन तथा तामाजोर मावि देखि हेपो सम्म वाल	उपभोक्ता समितले बाँकी कार्य नरेको पालिकाको भनाई	०७६।१०।७	३२७५७७	३९।०३
१०७	बोक्से सडक	उपभोक्ता समितले बाँकी कार्य नरेको पालिकाको भनाई	०७६।७।५	३००३८८	४४।०९
११७	गोपे मावि देखि फेदी सम्म सडक	उपभोक्ता समितले बाँकी कार्य नरेको पालिकाको भनाई	०७६।९।२	४२५२१८	५०।५३
१४३	आपडाँडा सानो भोक्टेनी हुदै ठूलो भोक्टेनी सडक	सम्झौता ढिलो भएको तथा कोभिड १९	०७७।२।२	७५४७५४	३०।०६
११६	वडा कार्यालय अमले मावि सडक	०७७।७८ मा क्रमागत राखिएको	०७६।१२।४	११४९९१९	५१।२५

४४.	**पाईप खरिदमा बढी दर** - गो.भौ.६२ मिति २०७७।०३।१० बाट वडा नं. ५ रामपुरडाँडा खानेपानी जि.आई.पाईप खरिद उपभोक्ता समितिलाई २९७१०९।७७ भुक्तानी दिएको छ । श्रेस्तामा संलग्न पाईप	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>खरिद विल तथा वडा कार्यालयमा गरीएको दाखिला प्रतिवेदन अनुसार उपभोक्ता समितिले ४० एमएमका ६० वटा पाईप प्रति गोटा कर सहित रु.४७१२।१०, ४० एमएम सकेटको प्रतिगोटा दर रु.२९९।५६ र १६८ वटा वायरको प्रति गोटा दर रु.१२०।९१ का दरले खरिद गरेको देखिन्छ । तर स्थानीय दररेट अनुसार प्रति पाईप रु.३५०५।२६ (एक जिआई पाईपमा ६ मिटर हुने) मात्र हुने देखिन्छ । जसबाट स्थानिय दररेट भन्दा प्रति पाईपमा रु.१२०६।८४ का दरले ६० वटा पाईपमा रु.७२४१०।४० बढी भुक्तानी भएको देखिन्छ । तसर्थ स्थानीय दररेट भन्दा बढी दरमा भुक्तानी भएको रु.७२४१०।४० असूल गरी उक्त पाईपहरु प्रयोग भएको प्राविधिक मुल्यांकन सहितको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.</td><td>२९७११०</td></tr>
<tr><td>४५.</td><td>पेश्की बाँकी - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) मा तोकिएको म्यादभित्र यसै नियमावलीको कार्यबिधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिनेदिने दुबै थरीको कर्तब्य हुने उल्लेख छ । पालिकाले यस वर्ष देहायअनुसार कार्यको लागि पेश्की उपलब्ध गराएको हालसम्म पनि उक्त पेश्की फछ्र्यौट भएको देखिएन् । आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको पेश्की असूल फछ्र्यौट हुनुपर्ने देखिएको रु.
<table>
<tr><th>गो.भौ.</th><th>वापत</th><th>पेश्की लिने संस्था तथा व्यक्ति</th><th>पेश्की रकम</th></tr>
<tr><td>२</td><td>वडा नं. ४ मा विद्युत विस्तार</td><td>नेपाल विद्युत प्राधिकरण सामुदायिक विद्युत विकास विभागलाई नेत्रकालि सामुदायिक ग्रामिण विद्युत विस्तार उपभोक्ता संस्थाले गर्ने विद्युत विस्तारका लागि (त्रिपक्षीय सम्झौता समेत नरेहको)</td><td>३७५२३०९.४७</td></tr>
<tr><td>१४८</td><td>वडा नं. २ मा विद्युत विस्तार</td><td>नेपाल विद्युत प्राधिकरण सिन्धुली वितरण केन्द्र</td><td>४९९५६६५.४०</td></tr>
<tr><td></td><td>कार्यक्रम सञ्चालन</td><td>सि अ हे व महेन्द्र यादव</td><td>३७३००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८७८५२७४.८७</td></tr>
</table></td><td>८७८५२७५</td></tr>
<tr><td>४६.</td><td>एक्साभेटर दर्ता नभएको — पालिकाको अर्थिक ऐन २०७६ अनुसार पालिका भित्रको एक्साभेटर तथा ब्रेकर लागत गरीने निर्माण कार्यमा प्रयोग गर्ने एक्साभेटर तथा ब्रेकरहरु प्रति एक्साभेटर रु.२५००० दस्तुर तिरी वार्षिक रुपमा नविकरण गर्नुपर्ने अन्य प्रयोग गर्न नपाईने उल्लेख छ । तर उपभोक्ता समितिबाट सडक तथा अन्य निर्माण कार्यको लागि एक्साभेटर प्रयोग गरीएकोमा श्री नेत्रकाली कन्ट्रक्सनले पालिकामा उक्त दस्तुर तिरी दर्ता गरेको देखिएन् । तसर्थ उक्त कन्ट्रकसन प्रा.लि. बाट रु.२५००० असुल गरि स्थानीय संचित कोष दाखिला गर्नुपर्ने देखिएको रु.</td><td>२५०००</td></tr>
<tr><td>४७.</td><td>अन्य निकायको खर्च - गो.भौ.१७ मिति २०७६।०९।२७, जिल्ला प्रहरी कार्यालय सिन्धुलीलाई रु.५०८५० को एक सेट प्रिमिटर सोफा खरिद गरी दिएको देखिन्छ । यसरी पालिकाले अन्य निकायका लागि फर्निचर तथा अन्य सामाग्री खरिद गरी दिने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४८.</td><td>बढी निकासा — सामुदायिक विद्यालयका वाल विकास शिक्षिकाहरुका लागि प्रदेश सरकारले प्रति महिना रु.१००० का दरले १२ महिना र परेव खर्च वापत रु.१००० थप गरी कुल रु.१३००० प्रोत्साहन भत्ताको व्यवस्था गरेको छ । पालिकामा २४ वटा बाल विकास केन्द्र रहेकोमा प्रति शिक्षिका र.१३००० का दरले रु.३१२००० मात्र निकासा दिनुपर्नेमा पालिकाले गो.भौ.४ बाट २ लाख र ५ बाट १ लाख ३८ हजार गरी प्रति शिक्षिका रु.१४००० का दरले रु.३३८००० निकासा दिएको छ । प्रति शिक्षिका रु.१००० का दरले रु.२४००० बढी निकासा भएकोले उक्त रकम असूल गरी प्रदेश संचित कोष दाखिला हुनुपर्ने देखिएको रु.</td><td>२४०००</td></tr>
<tr><td></td><td>सघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(शिक्षा तर्फ)</td><td></td></tr>
<tr><td>४९.</td><td>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	तहका ३६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।	
	(see table below) यस सम्बन्धमा निम्नानुसार देखिएको छ । • स्थानीय तह मातहतमा रहेका ३६ विद्यालयमध्ये २ विद्यालयमा विद्यार्थी भएपनि शिक्षक नभएको तथा २ विद्यालयमा शिक्षक दरबन्दी रहेकोमा विद्यार्थि नरहेको देखियो । दरवन्दी नभएका विद्यालयहरुमा राहत दरवन्दी तथा पालिकाले दरबन्दी स्वीकृत गरी आन्तरिक श्रोतबाट तलवभत्ता खुवाउने गरि पदपुर्ति गरी पठन पाठनको व्यवस्था मिलाएको छ । • ३६ विद्यालयमा ११७ शिक्षक दरबन्दी रहेकोमा ३० पदमा स्थायी पदपुर्ती भएको १९ जना करारमा रहेको र बाँकी पदमा अस्थायी तथा राहत शिक्षक रहेको देखिन्छ । दरबन्दी अनुसारको शिक्षक पदपुर्ती हुनुपर्दछ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।	
५०.	**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता —** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.२२१५१३२/ तलब भत्ता अनुदान दिएको छ । उक्त रकम विद्यालयले शिक्षकलाई वितरण गरेको भरपाई समेत संलग्न राखेको छैन । शिक्षकलाई रकम वितरण गरेको भरपाई पेश हुनुपर्ने तथा यसरी स्वीकृत दरबन्दी भन्दा बाहिर विद्यालयले नै व्यवस्थापन गरेका शिक्षकको तलब भत्ता बापत पालिकाबाट दिएको अनुदान नियमित सम्मत नदेखिएको रकम रु	२२१५१३२
५१.	**अवकाश पछिको तलब भत्ताः** विद्यालयका शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता निकासा दिदाँ सेवामा बहाल रहेका शिक्षक तथा कर्मचारीहरुको माग फारमका आधारमा मात्र तलव भत्ता निकासा दिनु पर्दछ । पालिकाले २०७६।१०।२६ मा अवकास भएका प्रा/शि/ विनोद कुमार खड्काको नाममा माघ २६ सम्मको तलव भत्ता निकासा दिनु पर्नेमा माघ र फागुन महिनाको रकम भएकोले अवकास पछिको तलव भत्तासमेत निकासा भएको देखियो । निजको तलवी भरपाई अनुसार बीमा समेत जम्मा मासिक तलव भत्ता रु/ ३६३४९ रहेकोले फागुन महिनाको रु/ ३६३४९ र माघको रु/४८१९ समेत जम्मा रु/ ४१-१६८।ढ असुल गर्नु पर्ने रु//////////////////	४११६८
५२.	**हाजिर विवरण पेश नभएकोः** पालिकाले गोश्वारा भौचर नं/१७।०७६।९।२५ बाट ३६ विद्यालयलाई दिवाखाजा रु/ १६-७३-१३० निकासा दिएकोमा विद्यार्थीहरुको हाजिरी विवरण संलग्न गरेको देखिएन । तसर्थ विद्यार्थिको हाजिरि विवरण पेश हुनपर्ने रु	१६७३१३०
५३.	**छात्रवृत्ति वितरणः** पालिकाले छात्रवृत्ति निकासा दिएको रकम विद्यालयले सोही प्रयोजनमा खर्च गरेको अनुगमन गरी यकिन गर्नु पर्दछ।यो वर्ष पालिकाले गोश्वारा भौचर नं/ ३०।२०७७।२।२९ बाट ३५ विद्यालयलाई देहायअनुसार दलित- अपाङ्ग र छात्रा छात्रवृत्ति रू. ५-६०-०००।**ढ** निकासा दिएको छ। छात्रवृत्ति सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् —	

विद्यालय	शिक्षक दरवन्दी	स्थायी पदपुर्ती	पदपुर्ती मध्ये करार	विद्यार्थी संख्या
३६ वटा विद्यालयको जम्मा	११७	३०	८७	३०४७

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

छात्रवृत्तिको प्रकार	विद्यालय संख्या	विद्यार्थी संख्या	छात्रवृत्ति दर	जम्मा रकम
छात्रा	३५	१३२५	४००	५३००००
दलित	१२	७५	४००	३००००
जम्मा		१४००	४००	५६००००

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
५३.१.	गाउँपालिकाले विद्यालयलाई निकासा दिएको छात्रवृत्ति रकम वितरण गरे नगरेको सम्वन्धमा अनुगमन गरेको प्रतिवेदन पेश गरेको छैन।	
५३.२.	पालिकाले छात्रवृत्ति निकासा दिएको रकम विद्यालयले सोही प्रयोजनमा खर्च गरेको यकिन गर्नु पर्दछ । यो वर्ष छात्रवृत्ति निकासा दिएको रकम विद्यालयले विद्यार्थिलाई वितरण गरेको भरपाई पेश गरेका छैनन् । पालिकाले अनुगमन सेमत गर्ने गरेको नदेखिएकोले पालिकाबाट निकासा भएअनुरुप उक्त रकम वितरण भए नभएको अनुगमन हुनुपर्दछ ।	
५४.	**निर्देशिका विपरित निकासाः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को खण्ड)ख* को क्रियाकलाप नं/ २/७/१३/८ मा प्रति विद्यार्थी लागतका आधारमा शिक्षाण सिकाई सामग्री अनुदान निकासा दिदा शैक्षिक तथ्याङ्क २०७६ भरेका बालकक्षाहरुलाई उपलव्ध गराउने उल्लेख छ । सो अनुसार यस्तो अनुदान शैक्षिक तथ्याँकको आधारमा वास्तविक विद्यार्थी सँख्या यकिन गरी दिनु पर्दछ। पालिकाले गो/भौ/नं/१७।०७६।९।२५ बाट विभिन्न विद्यालयलाई यस्तो अनुदान दिएको विवरण परीक्षण गर्दा निम्नानुसार शैक्षिक तथ्याँकसँग फरक पारी वढी निकासा दिएकोले असुल गर्नपर्ने रु//////	५३५००

विद्यालयको नाम	कक्षा	IEMIS अनुसार विद्यार्थी सख्या	निकासा दिएको संख्या	वढी संख्या	दर	रकम
गणेश प्रा/वि/	प्रारम्भिक	१०	११	१	५००	५००
मा/वि/ मरिण हायुटार	प्रारम्भिक	३७	३८	१	५००	५००
	११ढ१२	३९	६४	२५	२५०	६२५०
नेत्रकाली मा/वि	११ढ१२	०	१०७	१०७	२५०	२६७५०
मा/वि/ अमले	११ढ१२	०	४०	४०	२५०	१००००
कोल्टार प्रा/वि	प्रारम्भिक	११	३०	१९	५००	९५००
जम्मा						५३५००

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
५५.	**शिक्षक तथा विद्यार्थी नभएका विद्यालयलाई अनुदानः** पालकाले देहायका विद्यालयलाई सामाजिक तथा लेखापरीक्षण- विद्यालय व्यवस्थापन तथा विद्यालय सुधार योजना अनुदान दिई रु.१-२४-०००/**ढ** खर्च लेखेको देखियो।विद्यालयको दरवन्दी विवरणमा शिक्षकको दरवन्दी नरहेको तथा **IEMIS** मा विद्यार्थी संख्या शुन्य देखियो । यस्ता विद्यालयलाई मर्ज गरी व्यवस्थापन गर्नु पर्नेमा अनुदान दिनु उपयुक्त देखिएन।	

विद्यालयको नाम	विवरण	अनुदानको किसिम			जम्मा रकम
		व्यवस्थापन	सामाजिक परीक्षण	विद्यालय सुधार	
पेमाटासी प्रा/वि/	शिक्षक नभएको	११०००	१००००	१००००	३१०००
सूर्योदय प्रा/वि	विद्यार्थी नभएको	११०००	१००००	१००००	३१०००
जनप्रेमी प्रा/वि	शिक्षक नभएको	११०००	१००००	१००००	३१०००
बालज्योति प्रा/वि	विद्यार्थी नभएको	११०००	१००००	१००००	३१०००
जम्मा		४४०००	४००००	४००००	१२४०००

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
५६.	**लेखा परीक्षण तथा सामाजिक परीक्षणः** विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानबाट आधारभुत तहका ३१ विद्यालयलाई १०००० को दरले रु. ३,१०,००० र माध्यमिक तहका ५ विद्यालयलाई १५००० को दरले रु.७५००० गरी समाजिक परीक्षण तथा लेखापरीक्षण अनुदान रु.३८५००० विभिन्न ३६ विद्यालयलाई	३८५०००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	निकासा दिएकोमा विद्यालयको लेखापरीक्षण भएको प्रतिवेदन पेश भएन। लेखापरीक्षण भएको प्रमाण तथा प्रतिवेदन पेश हुनु पर्ने रु.	
५७.	**सेनिटरी प्याड खरिदः** सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न पालिकाले १२६७४ प्याकेट सेनिटरीप्याड खरिद गरी आई पी आर सप्लायर्सलाई गो/भौ/नं/ ७०।०७७।३।२८ बाट रु/८३७७५१।४० भुक्तानी गरेको छ । छात्राहरुको स्वास्थ्य तथा सरसफाईसँग जोडिएको यस्तो खरीद कार्य आर्थिक वर्षको सुरुमा गरी समयमै वितरणको व्यवस्था मिलाउनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा खरीद गरी विद्यालयलाई वितरण गरेको छ।प्याड खरिद तथा वितरण सम्वन्धमा देखिएका व्यहोरा निम्नअनुसार छः	
५७.१.	प्याड खरिदको लागि आपूर्तिकर्तासँग भएको सम्झौतामा आपूर्ति हुने स्यानीटरी प्याडको म्याद समाप्त हुने अवधि स्टोर दाखिला हुने समयमा १८ महिना बाँकी रहेको हुनु पर्ने- ल्याव टेष्ट प्रतिवेदन पेश गर्न पर्ने-उत्पादनको म्याद सोभन्दा कम हुने भएमा ७५ प्रतिशत म्याद बाँकी हुनु पर्ने उल्लेख भए तापनि सामान आपूर्तिको समयमा पालिकाले मालसामानको निरीक्षण नगरेकोले सो बमोजिमको म्याद तथा निर्धारित गुणस्तरको भए नभएको खुल्न आएन।खरिद नियमावलीमा भएको व्यवस्था अनुसार आपूर्ति भएका सामानको भण्डार दाखिला गर्नु अगावै निरीक्षण गरी तोकिएको गुणस्तर परिमाण र अवधि बमोजिम भएको सुनिश्चित गर्नु पर्दछ।	
५७.२.	पालिकाले सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने- तोकिएअनुसार वितरण भए नभएको र वितरणको अभिलेख व्यवस्थित राखेनराखेको अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दात यकिन गरी आगामी वर्षकोलागि आवश्यक खुद परिमाण यकिन गरी आवश्यक परिमाणमामात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।	
५८.	मुल्य अभिवृद्धि कर नियमावली, मू.अ.कर नियमावली २०५३(२१औं संशोधन) को नियम ६.ग अनुसार सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तगत आपुर्ति हुने वस्तु वा सेवा वापतको रकम सम्वन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मू.अ.कर रकमको ५०% हुन आउने रकम निजको नामबाट सम्वन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रकम भुक्तानी दिने व्यवस्था छ । उल्लिखित व्यवस्था अनुसार सेनिटरी प्याड आपूर्तक आई पी आर सप्लायर्सलाई भुक्तानी दिएको मुल्यअभिवृद्धि कर रु. ९६३७८।४७ मा ५० प्रतिशत ले हुने रु. ४८१३९।२३ कट्टा नगरी भुक्तानी दिएको रकमको कर मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ रु////	४८-१३९
	स्वास्थ्यतर्फ	
५९.	**तलबी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) मा मन्त्रालय, सचिवालय, आयोग र विभाग तथा उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीको हकमा निजामती किताबखाना र जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई तलब खर्च लेख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले अन्तर्गत कार्यरत स्वास्थ्य तर्फका कर्मचारीहरुको तलवी प्रतिवेदन पास नगरी तलव खर्च लेखेको छ । तवली प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।	
६०.	**औषधि खरिदः** पालिकाले यो वर्ष रु. १६२४५२१/ को औषधि खरीद गरेको छ ।औषधि खरिद गर्न पालिकाले रु. १६४९४५३/ को लागत अनुमान तयार गरेकोमा ड्रग इन्टरनेशनल फार्मेशीको शीलवन्दी दरभाउपत्र सारभुत रुपमा प्रभावकारी ठहर गरी रु. १६२४५२१ को औषाधि खरिद गरेको छ ।	
६०.१.	पालिकाले औषधि आपुर्तक फर्मबाट आपुर्ती हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने तथा आपूर्ति हुने औषधिको उत्पादन मिति, ब्याच नं., म्याद समाप्त मिति तथा यो औषधि बिक्रिको लागी होइन लेखेको हुनुपर्ने	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	उल्लेख छ । भौचरसँग सलँग्न फाँटवारी परीक्षण गर्दा उपर्युक्त प्रमाण समावेश भएको देखिएन । साथै आपुर्ती भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए नभएको, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्वन्धित विषय विज्ञवाट मुचुल्का उठाई राख्ने नगरेको कारण औषधिको गुणस्तर र म्याद सम्वन्धमा एकिन गर्न सकिएन ।यस तर्फ पालिकाको ध्यान जानुपर्ने देखियो ।	
६०.२.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
६०.३.	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।	
	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
	सामाजिक सुरक्षातर्फ	
६१.	यस गाउँपालिकाले यो वर्ष सामाजिक सुरक्षा वापत रु ३२०२९४००/ खर्च गरेकोमा दखिएका व्यहोरा देहायबमोजिम छन् ।	
६१.१.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकामा सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्थित बनाउन घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन प्रणाली **MIS System** लागु गरीएको छ। तर प्रणालीमा विवरणहरु शुद्ध र पुर्ण रुपमा प्रविष्टि नगरेको कारणले प्रणालीको माध्यमबाट निकालिएको भरपाईको विवरणमा पनि शुद्धता पाइएन । जसले गर्दा भत्ता वितरणमा दोहोरो, मृत्यु भएका व्यक्तिको पनि भरपाईमा नाम नहटाएको जस्तो समस्या देखिएको हुँदा विवरण विश्वसनिय भए नभएको र गलत लाभग्राही भए नभएको कुरा एकिन हुन सकेन ।	
६१.२.	**नगद वितरणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको स्वीकृति विना हातहातै नगद वितरण गर्न पाइनेछैन भन्ने व्यवस्था गरेको छ । कार्यालयले सामाजिक सुरक्षा भत्ताको रकम वडा सचिवहरुलाई पेश्की दिई सचिवहरुले हातहातै लाभग्राहीहरुलाई वितरण गरेको देखिन्छ । हातहातै नगद वितरण गरी औठाछाप लगाएको भरपाईको आधारमा पेश्की फछ्यौट गर्ने गरेको छ । नगद वितरण गर्न नपाइने व्यवस्था गर्दा गर्दै पनि कार्यालयले हातहातै नगद वितरण गरेबाट कार्यविधिको पालना नभएको देखिएकोले यथाशिघ्र यस्ता कार्य बन्द गरी लाभग्राहीको बैक खातामार्फत मात्र रकम वितरण गर्ने व्यवस्था गर्नुपर्दछ।	
६१.३.	पालिकाबाट आ ब ०७७/७८ मा सामाजिक सुरक्षा भत्ता वितरण बैकबाट गर्न शुरु भएको छ।बैकबाट भत्ता बितरण गर्न पठाउदा आ ब ०७६/७७ मा भत्ता वितरण भएकामध्ये सम्पूर्ण वडामा गरी जम्मा ५४ जनाको लगत कट्टा गरी वडाले अद्यावधिक गरेको पाइयो । लगत कट्टा गर्दा दोहोरो परेको, मृत्यु भएको र अन्य उल्लेख गरेको छ । वडा नं २ र ५ को एम आइ एस डाटा प्राप्त गर्न सकिएन । वडा नं २ र ५ मा मृत्यु	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	भएको भनी लगत कट्टा गरेकाको मृत्यु मिति उल्लेख नभएको र अन्य भनी कट्टा गरेको के कारण कट्टा भएको खुल्न नसकेको र आ ब ०७६/७७ मा तपसीलका ब्यक्तिलाई भत्ता वितरण भएको पाइयो जुन सम्बन्धितबाट असुल हुनुपर्दछ र अन्य वडाको हकमा पालिकाले छानविन गरी असुल गर्नुपर्दछ।	
६१.४.	वडा नं २ को भरपाई परीक्षण गर्दा विश्वमाया स्याङ्गतानको सिस्टममा जन्म मिति २००७/६/१४ रहेको तर भरपाईमा हातले सच्याई २००२/५/१४ बनाई उपचार खर्च रु १००० समेत मासिक ३०००को दरले प्रथम दोस्रो र तेस्रो तिनै चौमासिकमा १२००० का दरले भूक्तानि भएको छ।प्रयाप्त प्रमाण तथा सुचना प्रणालीमा अद्यावधिक नगरी मासिक रु/ १००० थप गरी दिन मिल्ने आधार पेश हुन सकेन। अतः यसरी थप गरी दिन मिल्ने प्रमाण पेश गर्ने अन्यथा असुल हुनुपर्ने रु.	१२०००
६१.५.	समाजिक सुरक्षा ऐन- २०७५ को दफा १५ मा सरकारी कोषबाट निवृत्तीभरण पाईरहेका व्यक्ती वा अवकास सुविधा पाईरहेका व्यक्तीले सामाजिक सुरक्षा भत्ता नपाउने उल्लेख छ।नमुना छनौट गरी वडा नं २ को भत्ता वितरणको भरपाई परीक्षण गर्दा पेन्शनवाला भनी सूचना प्रणालीमा जनाई २०७७।७८ मा लगत कट्टा गरेका धनमाया स्याङ्तान र रामकुमारी सुनुवार २ जनाले आ ब ०७६/७७ मा भत्ता बुझेको भरपाई भेटिएकाले पालिकाको आन्तरिक नियन्त्रणकमजोर देखियो। प्रथम दोस्रो र तेस्रो तिनै चौमासिक रु ८००० का दरले पेन्सन बुझेको ब्यक्तिलाई सामाजिक सुरक्षा भत्ता दिएकोले असुल हुनु पर्ने रु..	४८०००
६१.६.	नमुना छनौटमा परेको वडामा सूचना प्रणालीमा पेन्शनवाला भन्ने जनाई लगत कट्टा गरेका ब्यक्तिले आ ब ०७६/७७ मा भत्ता बुझेको भरपाई भेटिएकाले अन्य वडामा समेत त्यस्ता ब्यक्तिको संख्या रहेको हुन सक्ने हुनाले पालिकाले छानबिन गरी लगत कट्टा गर्ने तथा पहिले बुझेको भत्ता असुल गरी राजश्व खातामा दाखिला हुनुपर्दछ।	
६१.७.	लेखापरीक्षणको क्रममा छनौटमा परेको वडा नं २ को सामाजिक सुरक्षा भत्ता वितरणको भरपाई परीक्षण गर्ने क्रममा पालिकामा आर्थिक वर्षको अन्तमा तेस्रो किस्ताको रकम पेश्की बाँकी रहेको देखिन्छ। वडा सचिवले २०७७ श्रवणमा उक्त पेश्की फर्छ्यौट गरेको देखिन्छ।वडाबाट पालिकामा पेश भरपाईसँग भिडान गर्न वडामा रहेको लाग्राहीको मूल अभिलेख किताब माग गरिएकोमा वडा कार्यालयबाट तेस्रो चौमासिकको वाडामा राखिएको भरपाईको कार्यालयप्रति पेश हुन आएकोमा पालिकामा पेश गरेको भरपाई भन्दा फरक भएको देखियो । तसर्थ वडामा राखिएको तेस्रो चौमासिकको प्रति र पालिकामा पेश गरेको प्रतिमा देहायअनुसार फरक भएको सम्बन्धमा पालिकाले आवश्यक छानविन गरि प्रथम र दोस्रो चौमासिकको समेत रकम यकिन गरी पालिकामा पेश गरेको भत्ता वितरणको भरपाई ठीक छ रुजु तथा प्रमाणीत गर्ने कर्मचारी तथा पदाधिकारीहरुसँग असूल गरी संघीय संचितकोष दाखिला हुनपर्ने रुकम रु	१५३६००

नाम	परीचयपत्र नं	वर्ग	वडामा राखिएको ओसी कपिमा	कार्यालयको पेश भएको भरपाईमा	जम्मा भूक्तानि रकम
उभमाया गोल	१०७१	विधवा	काटिएको	भूक्तानि	१२०००
कर्णमाया मगर	०५५६	विधवा	काटिएको	भूक्तानि	१२०००
फल कुमारी सुनुवार	९४७४	विधवा	काटिएको	भूक्तानि	८०००
कान्छीमाया लामा	२८३	विधवा	काटिएको	भूक्तानि	१२०००
डिल कुमारी वाइवा	४११	विधवा	काटिएको	भूक्तानि	१२०००
बुध्दिमाया घोले	७७७	विधवा	काटिएको	भूक्तानि	८०००
बुध्दिमाया थिङ्ग	०७७	विधवा	काटिएको	भूक्तानि	१२०००
लमिनि डोल्मो लो	०८७	विधवा	मृत्यु जनाएको	भूक्तानि	८०००
लितिर माया वैज	४९४	विधवा	काटिएको	भूक्तानि	१२०००

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

शिवमाया सुनुवार	४५९	विधवा	काटिएको	भूक्तानि	१२०००
संचमाया स्याङ्गतान	३७२	विधवा	काटिएको	भूक्तानि	१२०००
सीता कुमारी पाण्डे	२२३	विधवा	काटिएको	भूक्तानि	८०००
सुकमाया योञ्जन	७८८	विधवा	काटिएको	भूक्तानि	१२०००
सुनमाया लामा	२४६	विधवा	काटिएको	भूक्तानि	१२०००
बालबालिका दमै	०७३		काटिएको	भूक्तानि	१६००
जम्मा					१५३६००

६१.८. आ ब ०७६/७७ मा भन्दा ०७७/७८ मा लाभग्राहीको संख्या घटेको देखिन्छ।भत्ता वितरणको लागि बैकमा गईसकेपछि लाभग्राही कम भएको कुरा पालिकाको एम आइ एस डाटाले प्रष्ट पार्दछ।०७७/७८ मा दोहोरो परेको, मृत्यु भएको, पेन्शनवाला तथा अन्य भनी लगत कट्टा गरेको हुनाले मृत्यु जनाइएकाको कहिले मृत्यु भयो हेर्नको लागि वडा बाट मृत्यु दर्ताको अभिलेख माग गर्दा वडा नं २ बाहेक अन्य वडा बाट प्राप्त हुन सकेन जसको कारण मृत्यु भैसकेका वा नपाउनु पर्ने अन्य कारण भएका व्यक्तिलाई भत्ता वितरण भयो वा भएन यकिन हुन सकिएन।

६१.९. सामाजिक सुरक्षा भत्ता नियमावली- २०७६ को नियम ६ सामाजिक सुरक्षाको अभिलेख राखी भत्ता वितरण गरिने उल्लेख छ।अभिलेखमा छुट भएमा अभिलेख अद्यावधिक गरी अर्को महिनाबाट सामाजिक सुरक्षा प्रदान गरीने उल्लेख भएकोमा नमुना छनौटमा परेको वडा नं २ मा वितरण भएको सामाजिक सुरक्षा भत्ता भरपाई परीक्षण गर्दा प्रणालीमा नाम समावेश नभएका देहायका व्यक्तिहरुको नाम हातले थप गरी भत्ता वितरण गरेको देखियो।नियममा भएको व्यवस्था विपरीत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्य तत्काल बन्द गर्नु पर्दछ।

वडा नं	नाम	वर्ग	चौमासिक	जम्मा रकम
२	दुर्गा कुमारी मुक्तान	विधवा	पहिलो/दोस्रो/तेस्रो	२४०००
२	सुकुमाया थमिनि	विधवा	पहिलो/दोस्रो/तेस्रो	२४०००
२	ज्ञान ब सुनुवार	ज्ये ना अ	पहिलो/दोस्रो/तेस्रो	३६०००
जम्मा				८४०००

६२. **प्रतिवेदन पेश गर्नुपर्नेः** सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३(१ (मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची- ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ ।उपनियम १ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिक प्रतिवेदन मंसिर ७ गते भित्र दोस्रो चौमासिक प्रतिवेदन चैत ७ गतेभित्र र तेस्रो चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोकेबमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा गाउँपालिकामा सो नियमको पालना भएको पाइएन ।गाउँपालिकाले नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।

६३. **अनुगमन तथा निरीक्षणः** सामाजिक सुरक्षा नियमावली- २०७६ को दफा २२ मा ऐन तथा यस नियमावली बमोजिम राखिएको अभिलेख तथा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा सम्बन्धित गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले निरन्तर अनुगमन गर्नु वा गराउनु र उपनियम (१) बमोजिम अनुगमन गर्दा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्ति मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएकोमा सामाजिक सुरक्षा भत्ता लिने व्यक्तिले प्राप्त गरेको रकम सामाजिक सुरक्षा पाउने व्यक्तिको हितमा उपयोग गरे नगरेको सम्बन्धमा समेत अनुगमन गर्नु पर्ने उल्लेख छ।पालिकाले सामाजिक सुरक्षा भत्त ववितरण गरेको भरपाई परीक्षण गर्दा मृत्यु भएका वा विविध तरिकाले भत्ता पाउन योग्य नभएका व्यक्तिलाई समेत भत्ता वितरण गरेको भरपाई पेश हुन आएकोले पदाधिकारीहरुले नियमावली

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>वमोजिम सामाजिक सुरक्षा भत्ताको अनुगमन गरेको देखिएन।नियमको व्यवस्था अनुसार अनुगमन गरी सामाजिक सुरक्षा भत्ता वितरण विस्वसनीय वनाउनु पर्दछ।</td><td></td></tr>
<tr><td>६४.</td><td>कोभिड-१९ तर्फः आ.व २०७६।७७ को आषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ।
<table>
<tr><th>आम्दानी स्रोत</th><th>रकम रु</th><th>खर्च शिर्षक</th><th>रकम रु</th></tr>
<tr><td>गाउँपालिकाबाट बिनियोजन</td><td>५१९००००</td><td>राहत वितरण</td><td>१३३६८१०.३६</td></tr>
<tr><td>प्रदेश संचित कोषबाट</td><td>१००००००</td><td>क्वारेन्टाइन होल्डिङ सेन्टर निर्माण व्यवस्थापन</td><td>८८८४५७.०२</td></tr>
<tr><td>अन्य</td><td>१५६७९२१</td><td>जनशक्ति परिचालन</td><td>१६५१७४२.३०</td></tr>
<tr><td></td><td></td><td>औषधी तथा स्वास्थ्य सामाग्री खरिद</td><td>१५७१२९८.५०</td></tr>
<tr><td></td><td></td><td>अन्य शीर्षकमा खर्च</td><td>६२२०४४.१८</td></tr>
<tr><td></td><td></td><td>मौज्दात बाँकी</td><td>१६८७५६८.६४</td></tr>
<tr><td>जम्मा</td><td>७७५७९२१</td><td>जम्मा</td><td>७७५७९२१</td></tr>
</table>
कोभिड-१९ मा गाउँपालिकाबाट भएको खर्चको श्रेस्ता परीक्षणबाट निम्न व्यहोरा देखिएका छन्।

पालिकाले क्वारेन्टीन व्यवस्थापन को लागि खाद्यान्य, भाडाकुँडा र लत्ताकपडा खरीद गर्न तीन प्याकेजमा सामग्रीको सूची तयार गरी २०७७।२।२० मा पालिकाको सुचना पाटी तथा वेभसाइडमा ३ दिने सुचना प्रकाशन गरी गोप्य सिलबन्दी मार्फत दररेट माग गरेकोमा खाद्यान्न तर्फ १ र बाँकी दूइ प्याकेजमा २/२ वटा दरभाउपत्र दाखिला भएको छ।प्राप्त दरभाउमध्येबाट खाद्यान्नको प्याकेजमा दरभाउ दर्ता गर्ने फर्म कल्पवृक्ष निर्माण सेवा सम्झौता गर्न नआएको र बाँकी २ प्याकेजको लागि पैरवी कन्सट्रक्सन- वर्दिवाससँग सम्झौता गरी रु/८१३५७६/ढ)मु/अ/कर समेत* भुक्तानी दिएको छ।खरिद सम्वन्धमा देखिएको प्रमुख व्यहोरा निम्नानुसा छन्</td><td></td></tr>
<tr><td>६५.</td><td>क्वारेन्टाईन व्यवस्थापनको लागि आवश्यक भाडाकुँडा र लत्ताकपडाको दुवै प्याकेजको लागि दरभाउ तुलना नगरी पैरवी कन्सल्ट्स प्रा/लि वर्दिवास बाट खरिद गरेको देखियो।दरभाउ पत्रको आईटम दरलाई विल अफ क्वान्टीटीको परीमाणले गुणन गर्दा खरिद गर्ने आईटमको कवोल अंक दुवै प्याकेजमा काफ्ले ईन्टरप्राईजेजको न्युन रहेको देखियो। यसरी पालिकाले महँगो दरभाउपत्र बाट खरीद गरी रु/७४०१५)मु/अ/कर समेत) वढी खर्च लेखेको असुल गर्नु पर्दछ रु.</td><td>७४०१५</td></tr>
<tr><td></td><td>विपद् व्यवस्थापन</td><td></td></tr>
<tr><td>६६.</td><td>समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरी ६ वटा बैठक बसेको छ । बैठकको निर्णयबाट कोभिड महामारी नियन्त्रण तथा रोकथामको लागि राहत सामाग्री खरीद तथा वितरण, क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन सम्बन्धि काम गरेको छ।ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रीय बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६७.</td><td>कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको छैन। ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।	
६८.	**आन्तरिक लेखापरीक्षण —** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराई आन्तरीक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुनुअगवै फछ्र्यौट गर्नुपर्ने व्यवस्था उल्लेख छ । तर पालिकाले आन्तरिक लेखापरीक्षकले औल्याएका देहायका व्यहोराहरु लेखापरीक्षण अवधिसम्म पनि फछ्र्यौट गरेको पाईएन । उक्त बेरुजूहरु तोकीए बमोजिम फछ्र्यौट गर्नुपर्ने देखिएको रु.	**८५४८४१**

गो भौ नं मिति	व्यहोरा	रकम
	गाउँपालिका चालु	
६९-०७६/१०/१३	बिल भरपाई नरहेको	६५००
१२५-०७७/१/१७	कार्यालय सामाग्री खरिद गर्दा सफल नेपाल अफसेट प्रेसको बिलमा अग्रिम आयकर कट्टी कम काटिएको	१५९३
गाउँपालिका पूजिगत		
१९-०७६/१०/७	श्री शिध्दबाबा ट्रेडर्सले एउटा विजक जारि गरेकोमा एउटै बिलमा २ वटा विजक नं देखिएको र हातले केरमेट गरी अर्को कायम गरेको	८८५८२.७२
५०-०७७/२/१९	घ्याङ्गलेख कन्स्ट्रक्सन प्रा लि लाई घटी अग्रिम आयकर कट्टी गरेको	३७१७
६७-०७७/३/११	उपभोक्ता समितिले पालिकाको व्याहो लोडर प्रयोग गर्दाको अग्रिम आयकर कट्टी गर्न छुट	८४०
७०-०७७/३/११	उपभोक्ता समितिले तार जाली खरिद गरी ल्याएको बिलमा अग्रिम आयकर कट्टी छुट	१७२०
८९-०७७/३/१८	सि सि टिभी जोन नेपाललाई भूक्तानि दिदा अग्रिम आयकर कट्टी छुट	२१०
११३-०७७/३/३१	नेत्रकाली कन्स्ट्रक्सन प्रा लि को बिलमा अग्रिम आयकर कट्टी छुट	१०९०
११७-०७७/३/३१	नेत्रकाली कन्स्ट्रक्सन प्रा लि को बिलमा अग्रिम आयकर कट्टी छुट	२८३
१२८-०७७/३/३०	न्यु बि के वर्कसपको छायाँ कपी बिल रहेको	२७२४०
१३२-०७७/३/३०	कार्की पानि ट्याङ्की फर्निचर उद्योगको बिल केरमेट भएको	९२२६५
१३८-०७७/३/३०	विकल्प इन्टरप्राइजेजको छायाकपी २ वटा विजक जारी	४४७९४१
४६-०७७/२/१९	डोरहाजिरीको सामाजिक सुरक्षा कर कट्टी छुट	३९१५
१४४-०७७/३/२५	डोरहाजिरीको सामाजिक सुरक्षा कर कट्टी छुट	१२८
१४५-०७७/३/१७	डोरहाजिरीको सामाजिक सुरक्षा कर कट्टी छुट	११९६

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

प्रकोप विपद व्यवस्थापन कोष		
३०-०७७/३/२८	रानी इन्टरप्राइजेजको बिलमा अग्रिम आयकर छुट	२५४
सशर्त		
५-०७७/३/२४	जगदम्बा सिमेन्ट खरिलको बिलमा अग्रिम आयकर कट्टी छुट	७६७
८-०७७/३/२८	दररेट पेश गर्दा मिति सच्याएको	१४९७८१.५
९-०७७/३/२८	औजार खरिद गर्दा नं उल्लेख नगरेको तथा आदेशमा प्रमुख प्रशासकीय अधिकृतको सहि नरहेको	२६६६८
८८-०७७/३/१८	ढुवानी बहालकर कट्टी छुट भएको	१५०
		८५४८४१

६९. **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा कार्यालयबाट फर्छ्यौट भई सम्परीक्षणका लागि अनुरोध भएको निम्नानुसारको बेरुजु फर्छ्यौट गरिएको छ ।

आ.व.	बेरुजु दफा नं.	फछ्यौंटको संक्षिप्त व्यहोरा	फछ्यौंटको आधार				सम्परीक्षण
			असुली	प्रमाण	नियमित	पेश्की	
०७४.७५	४६	पेश्की फछ्यौंट भएको	०	०	०	५००००	५००००
०७५.७६	१.१	प्रदेश सशर्तको रकम फिर्ता गरेको भौचर	३६६१०३६	०	०	०	३६६१०३६
०७५.७६	१.२	प्रदेश समपुरकको रकम फिर्ता गरेको भौचर	६८९५०००	०	०	०	६८९५०००
०७५.७६	३२	भुक्तानी दिदा अग्रिम १५ प्रतिशत कट्टी गरेको प्रमाण	०	१७४४२२१	०	०	१७४४२२१
०७५.७६	४९.४	बेरुजू दाखिला गरेको भौचर	१२०००	०	०	०	१२०००
		जम्मा	१०५६८०३६	१७४४२२१	०	५००००	१२३६२२५७

घ्याङ्गलेख गाउँपालिकाको संचित कोषको विवरण

अनुसूची-१

आर्थिक वर्ष २०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	गत वर्षको जिम्मेवारी	अनुदान	राजस्व बाडबाँड	आन्तरिक आय	अन्य आय	जम्मा	चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात
		१	२	३	४	५	६(२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
घ्याङ्गलेख गाउँपालिका	सिन्धुली	९२३३०	१९२०६९	४६४४३	३१२२	५२३४४	२९३९७८	१२०१०५	९१२५४	७२३०५	२८३६६४	१०२६४४

बेरुजू वर्गिकरण (विनियोजन,राजस्व, धरौटी र अन्य करोबार)

अनुसूची-२

आर्थिक वर्ष २०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	प्रारम्भीक वेरुजू			प्रतिक्रीयाबाट फर्छ्यौट			बाँकी बेरुजू			बेरुजूको बर्गिकरण								
		दफा		रकम	दफा		रकम	दफा		रकम	असूल गर्नुपर्ने	अनियमित					पेश्की		
		सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगति			अनियमित भएको	प्रमाण पेश नभएको	राजस्वको जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	**जम्मा**	कर्म चारि	अन्य	जम्मा
घ्याङ्गलेख गाउँपालिका	सिन्धुलि	६०	३५	२२०११	०	१	२२१५	६०	३४	१९७९६	२२४६	३०९	६४१८	०	०	६७२७	३७	१०७८६	१०८२३

अद्यावधिक बेरुजू को स्थिति

अनुसूची-३

(रु.हजारमा)

स्थानीय तहको नाम	जिल्ला	गत बर्षसम्मको वाँकी	समायोजन	सं प को लागि अनुरोध भएको	संपरीक्षण भएको रकम	गत वर्षसम्मको वाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको वाँकी मध्ये पेश्की
घ्याङ्गलेख गाउँपालिका	सिन्धुली	४२६७१	०	१२३६२	१२३६२	३०३०९	१९७९६	५०१०५	१९३२३